
# स्थानीय पाठ्यक्रम २०७७

## आधारभूत तह (कक्षा १-५)




# पोखरा महानगरपालिका

## शिक्षा महाशाखा

**सल्लाहकार समिति:**

श्री मानबहादुर जि.सी. प्रमुख, पोखरा महानगरपालिका

श्री मञ्जुदेवी गुरुङ उपप्रमुख, पोखरा महानगरपालिका

श्री महेश बराल प्रमुख प्रशासकीय अधिकृत, पोखरा महानगरपालिका

श्री हेमप्रसाद आचार्य शिक्षा महाशाखा प्रमुख, पोखरा महानगरपालिका

**विषय सम्पादन:** श्री विष्णुप्रसाद पराजुली

**संयोजन:** पोखरा महानगरपालिका, शिक्षा महाशाखा

**भाषा सम्पादन:** प्रेमप्रसाद पोखरेल

**मस्यौदा कार्यदल:**

संयोजक- श्री बद्रिनाथ सुवेदी शाखा अधिकृत (आठौँ) पो.म.न.पा. (शिक्षा महाशाखा)

सदस्य- श्री विष्णुप्रसाद पराजुली (पाठ्यक्रम विज्ञ)

सदस्य- श्री सञ्जीबराज खनाल (श्री शिवशक्ति मा.वि., फूलबारी)

सदस्य- श्री तारानाथ भण्डारी (श्री कन्या मा.वि., नदीपुर)

सदस्य- श्री प्रभा लम्साल रेग्मी (श्री लक्ष्मी आधारभूत विद्यालय, पुम्दी)

सदस्य- श्री सन्दीप अधिकारी (श्री कञ्चनजङ्गा एकेडेमी, शिशुवा)

सदस्य- श्री विक्रम सुवेदी (श्री न्यु डायमन्ड मोडेल स्कुल, बेगनास ताल)

**प्रकाशक**

पोखरा महानगरपालिका

गण्डकी प्रदेश, नेपाल

**सर्वाधिकार:** पोखरा महानगपालिका

**संस्करण :** २०७८ प्रथम (१५०० प्रति)

**लेआउट:** केदार पौडेल, ९८५६०५९८०५

**मुद्रण :**

आदर्श अफ्सेट प्रिन्टर्स

पोखरा, नदीपुर । फोन नं.: ९८५६०४६९८५

*प्रकाशकको लिखित अनुमतिबिना व्यापारिक उद्देश्यले यस सामग्रीको पूर्ण वा आंशिक रूपमा हुबहु तथा स्वरूप परिवर्तन गरेर छाप्न पाइने छैन तर शैक्षिक प्रयोजन एवम् निःशुल्क वितरणका लागि बन्देज लाग्ने छैन ।*

# पोखरा महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
गण्डकी प्रदेश, नेपाल

फोन नं.: ०६१-५२०३९२, ५२११०५
फ्याक्स: ०६१-५२०६००
E-mail : info@pokharamun.gov.np

प.सं.:
च.नं.:


२०७८/२/१८

## प्राक्कथन

शिक्षा विकासको मेरुदण्ड हो । शिक्षा बिना विकासको परिकल्पना गर्न सकिँदैन । परिस्कृत एवं मर्यादित जीवनशैली, सम्मानीत रोजगारी तथा उद्यमशीलताको आधारको रुपमा समेत शिक्षालाई लिइन्छ । शिक्षा मानिसलाई बाटो देखाउने एउटा मार्ग हो भने असल व्यक्ति, समाज, समुदाय, राष्ट्र बनाउन र समृद्ध राष्ट्र निर्माणमा शिक्षाको भूमिका महत्वपूर्ण हुन्छ । मुलुकको माटो सुहाउँदो वैज्ञानिक, रोजगारमूलक, व्यावसायिक र प्राविधिक शिक्षा नै आजको आवश्यकता हो । आत्मनिर्भर उन्मुख जनशक्तिले मात्रै मुलुक रुपान्तरण हुने भएकाले उत्पादनशील र नैतिकवान जनशक्ति निर्माणलाई नै प्राथमिकता दिनु पर्दछ ।

नेपालको संविधानमा शिक्षा सम्बन्धी हक मौलिक हकमा छ । स्थानीय सरकारलाई माध्यमिक तहसम्मका विद्यालयको व्यवस्थापन गर्ने अधिकार प्रत्यायोजित गरेको छ । विद्यालय शिक्षाको सर्वसुलभता, उपयुक्त पूर्वाधारको विकास, समन्यायिकता, गुणस्तरको सुनिश्चिततासहित सार्वजनिक शिक्षाप्रतिको आर्कषण अभिवृद्धि गर्नु, विद्यार्थी संख्या अनुपातमा शिक्षक दरवन्दीको मिलान तथा व्यवस्थापन, शैक्षिक सुशासन र उत्तरदायित्व अभिवृद्धि, बालमैत्री एवं प्रविधिमा आधारित शिक्षा प्रदान गर्नु पर्दछ भन्ने अनुभूत पोखरा महानगरपालिकाले गरेको छ । प्राविधिक शिक्षालाई प्राथमिकता दिएर पोखरा महानगरपालिकाले गण्डकी बहुप्राविधिक शिक्षालय स्थापना गरी सञ्चालनमा ल्याइसकेको छ ।

राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६ ले आधारभूत तहसम्मको स्थानीय पाठ्यक्रम निर्माण गरी अध्यापन गर्न सक्ने प्रावधान रहेको, विश्वव्यापी रुपमा सोच राखी स्थानीय विषयवस्तुलाई स्थानीय रुपमा नै कार्यान्वयनमा ल्याउ ( Think Globally Act Locally_) भन्ने मान्यतालाई समेत मूर्तरुप दिन ल्याइएको विकासित अभ्यासलाई पोखरा महानगरपालिकाले यसै वर्षदेखि आत्मसाथ गरेको छ । शिक्षासँग सम्बद्ध शिक्षक, विशेषज्ञ तथा विज्ञ व्यक्तिहरुको संलग्नतामा कार्यदल गठन गरी आगामी शैक्षिक सत्र २०७८ देखि लागू हुने गरी कक्षा १ देखि ५ सम्मको स्थानीय पाठ्यक्रम निर्माण गरिसकेको छ ।

सरोकारवाला विभिन्न व्यक्तिहरुसँगको धेरै पटकको छलफल र अन्तरक्रियाबाट स्थानीय पेशा, व्यवसाय, धर्म, संस्कृति, स्थानीय स्तरमा लुकेर रहेको ज्ञान, सिप र क्षमतालाई उजागर गरी विश्व समाजलाई चिनाउने तथा नेपालीको प्रत्यक्ष जीवन पद्धतिसँग जोडिएर रहेका विषयहरु अगाडि ल्याउने उद्देश्यले पनि स्थानीय पाठ्यक्रमको निर्माण गरी कार्यान्वयन गर्न लागिएको हो । महानगरको नारा **'सीपयुक्त गुणस्तरीय शिक्षा हाम्रो प्रतिबद्धता'** लाई कार्यान्वयनमा ल्याउन पनि यसले सघाउने विश्वास छ ।

अन्त्यमा, पाठ्यक्रम तयार गर्ने क्रममा महत्वपूर्ण सहयोग पुऱ्याउनु हुने नीति, निर्माता, विज्ञ तथा विशेषज्ञ, शिक्षाविद्, प्राध्यापक, शिक्षक, विद्यार्थी, कार्यदलका सदस्यहरु सबैमा हार्दिक आभार प्रकट गर्दछु । यस पाठ्यक्रमलाई प्रभावकारी बनाइ बालबालिकालाई गुणस्तरीय शिक्षाको अवसर सुनिश्चित गर्ने कार्यमा सम्बद्ध सबैबाट सक्रिय योगदानको अपेक्षा गर्दछु । पाठ्यक्रम गतिशील प्रक्रिया भएकाले समय सापेक्ष सुधार एवं परिमार्जन गर्दै अझै प्रभावकारी बनाउन प्रयोगकर्ता लगायत सम्बन्धित सबैबाट रचनात्मक सुझाव तथा सहयोगको अपेक्षा गर्दछु ।

मानबहादुर जिसी
प्रमुख

# पोखरा महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
गण्डकी प्रदेश, नेपाल

फोन नं.: ०६१-५२०३९२, ५२११०५
फ्याक्स: ०६१-५२०६००
E-mail: info@pokharamun.gov.np

प.सं.: ०७७/०७८
च.नं.: ८१६०

मिति: २०७८/०२/१६

# शुभकामना

शिक्षा समुन्नत समाज निर्माणको एउटा प्रमुख आधार हो । एउटा असल नागरिक बनाउनको लागि शिक्षाले महत्वपूर्ण भूमिका खेलेको हुन्छ । एउटा असल व्यक्ति, परिवार, समाज, समुदाय र असल राष्ट्र बनाउन शिक्षाको ठूलो महत्व हुन्छ । गुणस्तरीय शिक्षाको सर्वसुलभता बिना ज्ञान युक्त समाजको निमार्ण हुन सक्दैन । शिक्षाले बालबालिकाको सर्वाङ्गीण विकास गराइ सत्मार्ग तर्फ उन्मुख गराउँदछ ।

शिक्षाले बालबालिकाको इच्छा अनुरुपको प्रतिभालाई मलजल गर्दा भविष्यमा त्यही प्रतिभाले नै महान बनाइदिन्छ । यसर्थ शिक्षा प्रतिभारुपी बिजको लागि अनुकूल हावापानीमा अवस्थित उर्वर भूमी हो । शिक्षाको विविध स्रोत र क्षेत्र छ । पुस्तकहरुको गहन अध्ययनबाट शिक्षा आर्जन गर्न सकिन्छ । देश एकात्मक व्यवस्थाबाट संघीय शासन व्यवस्थामा प्रवेश गरेको छ । यो व्यवस्थासगै स्थानीय तहहरुले आफनै पाठ्यक्रम निर्माण गरेर लागु गर्न पाउने व्यवस्था संविधानमा गरिएको छ । सोही व्यवस्थालाई आत्मसाथ गर्दै पोखरा महानगरपालिकाले नयाँ शैक्षिक सत्र २०७८/७९ देखि कक्षा १-५ सम्म स्थानीय पाठ्यक्रम लागु गरेको छ ।यसले पोखराको प्राकृतिक, सांस्कृतिक, सामाजिक अवस्थाको बारेमा बालबालिकाले अध्ययन गर्ने अवसर प्राप्त गर्नेछन् ।

नेपाल बहुपहिचान युक्त देश हो । फरकफरक भौगोलिक बनावट, संस्कृति, भाषा, धर्म र स्थानीय स्रोत साधनयुक्त नेपालमा केन्द्रीकृत रूपमा बनाईएको एउटै पाठ्यक्रमले स्थानीय विषयलाई समेट्न नसक्ने हुदाँ पोखराको भुगोल, स्रोत साधन, संस्कृति, भाषा, धर्म लगायत सामाजिक, सांस्कृतिक विविधता झल्कने गरि आधारभुत तहको स्थानीय पाठ्यक्रमले यहाँको माटो सुहाउंदो शिक्षा सिकाई बालबालिकाहरूमा हुने अभिलाषा साथ स्थानिय पाठ्यक्रम लागु गर्ने विषयले खुशी तुल्याएको छ । महानगरले लागु गर्न लागेको पाठ्यक्रमले आधारभुत तहका बालबालिकाको मानसपटलमा स्थानिय चिनारी विविध पहिचानका साथै ज्ञानमा आधारित समाज निर्माणमा योगदान पुऱ्याउने छ भन्ने शुभकामना व्यक्त गर्दछु । अन्त्यमा स्थानिय पाठ्क्रम निर्माणमा अहोरात्र खटिने महानगर शिक्षा महाशाखाका कर्मचारी, शिक्षासंग सम्वन्धित व्यक्तित्वहरु लगायत सम्पूर्णमा हार्दिक आभार प्रकट गर्दछु ।

मञ्जुदेवी गुरुङ
उपप्रमुख
**उप-प्रमुख**

# पोखरा महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
गण्डकी प्रदेश, कास्की

पोखरा महानगरपालिका नगर कार्यपालिकाको कार्यालय न्युरोड, कास्की गण्डकी प्रदेश, नेपाल

पत्र संख्या: ०७७/०७८
चलानी नं.

फोन नं.०६१-४६८०८२ र ४६८०४३
इमेल:info@pokharamun.gov.np
वेभसाइट: pokharamun.gov.np

मिति : २०७८/२/२५

**शुभ-कामना**

पोखरा महानगरपालिकाले नगर भित्रका विद्यालयहरुको प्रयोजनको लागि स्थानीय पाठ्यक्रम स्वीकृत गरी आगामी शैक्षिकसत्रवाट पठनपाठनमा ल्याउने निर्णय गरेको छ । उक्त पाठ्यक्रम तर्जुमा गर्ने क्रममा अहोरात्र खटिने जनप्रतिनिधि, कर्मचारी, विषय विज्ञ, सरोकारवाला तथा विभिन्न समितिमा रहेर सहयोग गर्ने सम्पूर्ण महानुभावहरुलाई म हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छु ।

आजको युग विश्वव्यापीकरणको युग हो । यस युगले पस्केका चुनौतीहरुको सामाना गर्नको लागि आजको पुस्ताले फरक सन्दर्भमा आफूलाई तिर्खान र तयार गर्नुपर्ने आवस्थामा माग गर्दछ तर विश्वव्यापी अवसर र चुनौतीको लागि तयार गर्दा हामीले हाम्रा बालबालिकाहरुलाई उनीहरुको माटोसँग चिनाउन सकेका छैनौं ।

यसै अभावको पूर्ति गर्न पोखरा महानगरपालिकाले स्थानीय तह कक्षा १-५ को पाठ्यक्रम तर्जुमा गरी जारी गरेको हो । आफू जन्मे हुर्केको पढे बढेको स्थानीय तहको बारेमा आधारभूत जानकारी दिलाउनु यो पाठ्यक्रमको मुख्य उद्धेश्य हो । आफू सम्बद्ध भूगोल र माटो त्यहाँको जनजीबन, रहनसहन, कला, संस्कृति, रितिरिवाज, भेषभूषा आदि विषयको जानकारी  दिन यो पाठ्यक्रमले बालबालिकाहरुलाई उनीहरुको जन्मभूमिसँग जोडने, आफ्नो धरातल चिनाउने र सो क्षेत्रसँग भावनात्मक सम्बन्ध बिकास गर्न मद्धत गर्ने हाम्रो विश्वास रहेका छ ।

पोखरा कार्यक्षेत्र वा कर्मक्षेत्र बनाइ अस्थायी बसोबास गरेका परिवारका सन्तान वा केही वर्षको लागि पोखरा आएका त्यस्तै पृष्ठभूमिका बालबालिकालाई सिकाइमा कुनै कठिनाइ नहोस् भन्ने विषयलाई पाठ्यक्रम तर्जुमा गर्दा विशेष ध्यान दिइएको छ ।

हामीलाई आशा एवं विश्वास छ, हाम्रो यो प्रयास सफल हुनेछ ।

महेश बराल
प्रमुख प्रशासकीय अधिकृत
**प्रमुख प्रशासकीय अधिकृत**

# हाम्रो भनाइ

समाज गतिशील हुन्छ । सामाजिक गतिशीलतामा ज्ञान विज्ञानको भूमिका महत्त्वपूर्ण हुन्छ । एकातर्फ अघिल्लो पुस्ताले पछिल्लो पुस्तामा आफ्ना अनुभवहरू हस्तान्तरण गर्दै गइरहेको हुन्छ भने अर्कोतर्फ नयाँ पुस्ताले नवीनतम खोज अनुसन्धान गर्दै ज्ञान र सिपको भण्डारलाई समृद्ध बनाउँदै लैजान्छ । यसरी ज्ञान, सिप तथा अनुभवहरूलाई एकीकृत गरी उन्नत समाज निर्माण गर्न औपचारिक तथा अनौपचारिक शिक्षा प्रदान गर्नका लागि योजनाबद्ध कार्यक्रमको आवश्यकता पर्दछ । अर्को शब्दमा भन्दा बालबालिकाहरूलाई के कस्तो ज्ञान, सिप तथा अनुभव प्रभावकारी रूपमा प्रदान गर्न सकिन्छ भनी विस्तृत रूपमा योजना तयार गरिन्छ जसलाई हामी पाठ्यक्रम भन्दछौँ ।

शैक्षिक योजना पनि समय तथा स्थान सापेक्ष हुन्छ । आज कुनै स्थान विषेशका लागि उपयुक्त भएको शैक्षिक योजना सर्वकालीन र सर्वव्यापी हुन सक्दैन । त्यसैले शिक्षालाई समय तथा स्थान सापेक्ष बनाउन निश्चित समयावधिमा पाठ्यक्रम परिवर्तन तथा परिमार्जनका साथै समग्र शिक्षा नीतिमा नयाँ आयामको आवश्यकता पर्दछ । केन्द्रीकृत पाठ्यक्रमले स्थानीय आवश्यकता सम्बोधन गर्न नसकेको महसुस गरी सो पूरा गर्नका लागि स्थानीय सरकारले नै पाठ्यक्रम निर्माण गर्ने कानुनी व्यवस्था भएको छ ।

नेपालको संविधान २०७२ ले विद्यालय तहको शिक्षालाई स्थानीय सरकारको कार्यक्षेत्रभित्र तोकेको छ । संविधान प्रदत्त अधिकार कार्यान्वयन गर्ने क्रममा राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ ले हरेक स्थानीय तहलाई स्थानीय पाठ्यक्रम निर्माण गरी विद्यालयहरूमा कार्यान्वयन गर्न दिशानिर्देश गरेको छ सोहीअनुसार पोखरा महानगरपालिकाले २०७६/०७७ को नीति तथा कार्यक्रममा स्थानीय पाठ्यक्रम निर्माण गरी  महानगर क्षेत्रका विद्यालयमा कक्षा १ देखि ५ सम्म लागु गर्ने नीति लिएको छ । सोहीबमोजिम यो पाठ्यक्रम तयार गरिएको हो । यस स्थानीय पाठ्यक्रमले केन्द्रीय पाठ्यक्रमले समेट्न नसकेका तथा महानगर क्षेत्रभित्रका विशिष्ट आवश्यकतालाई सम्बोधन गर्ने छ । यसबाट बालबालिकाले औपचारिक रूपमा आफ्नो ठाउँ, आफ्नो ठाउँको कृषि, पशुपक्षीपालन, उद्योग तथा व्यापार, ऐतिहासिक, धार्मिक, सांस्कृतिक र प्राकृतिक सम्पदाको पहिचानसहित वस्तुनिष्ठ ज्ञान प्राप्त गर्ने छन् । स्थानीय पाठ्यक्रमले बालबालिकाहरूमा मूलभूत रूपमा म को हुँ ?, म कहाँको हुँ ?, र म हुर्केको वातावरणले मेरो जीवनमा के महत्त्व राख्दछ ? भन्ने भावना पैदा गरी सिकाइको मजबुत धरातल खडा गर्ने अपेक्षा राख्दछ ।

यो पाठ्यक्रम विकास प्रक्रियामा केन्द्रीय रूपरेखाअन्तर्गत रही विभिन्न सरोकारवालाहरूको सहभागिता जुटाई आधारभूत तह (कक्षा १ देखि ५ सम्म) का विद्यार्थीहरूको आवश्यकता र क्षमतालाई ध्यान दिइएको छ  तथापि यो काम महानगरको पहिलो प्रयास भएको हुँदा यसमा अझै सुधारका क्षेत्रहरू हुन सक्दछन् । कार्यान्वयनका क्रममा विज्ञ एवम् प्रयोगकर्ताबाट प्राप्त बहुमूल्य पृष्ठपोषणका आधारमा समसामयिक सुधार एवम् परिमार्जन हुँदै जाने नै छ । यस कार्यमा लेखन कार्यदल, विज्ञ, गोष्ठीमा सहभागी सम्पूर्ण सरोकारवाला, जनप्रतिनिधि, नगर शिक्षा समितिका पदाधिकारी, प्राध्यापक, शिक्षक, अभिभावक तथा कर्मचारीहरूप्रति पोखरा महानगरपालिका, शिक्षा महाशाखा हार्दिक आभार व्यक्त गर्दछ ।

शिक्षा महाशाखा

पोखरा महानगरपालिका

## विषय सूची


| क्र.सं. | विवरण | पेज |
|---|---|---|
| १ | महानगर परिचय | १ |
| २ | विद्यालय शिक्षाको राष्ट्रिय उद्देश्य | २ |
| ३ | आधारभूत तहको तहगत सक्षमता | ३ |
| | क) कक्षा १ देखि ८ | ३ |
| | ख) कक्षा १ देखि ३ | ४ |
| | ग) कक्षा ४ र ५ | ४ |
| | घ) स्थानीय पाठ्यक्रम (कक्षा १-५) को सक्षमता | ५ |
| ४ | स्थानीय पाठ्यक्रमका तहगत सिकाइ उपलब्धि | ५ |
| ५ | आधारभूत तहको पाठ्यक्रम ढाँचा | ६ |
| ६ | विषयक्षेत्रगत पाठ्यभार वितरण | ७ |
| ७ | कक्षागत सिकाइ उपलब्धि | ८ |
| ८ | कक्षागत विषय विस्तृतीकरण | ११ |
| | क) कक्षा १ | ११ |
| | ख) कक्षा २ | १४ |
| | ग) कक्षा ३ | १७ |
| | घ) कक्षा ४ | २१ |
| | ङ) कक्षा ५ | २५ |
| ९ | सिकाइ सहजीकरण प्रक्रिया | २९ |
| १० | सिकाइ मूल्याङ्कन प्रक्रिया | ३२ |

## १. महानगर परिचयः

गण्डकी प्रदेशको राजधानी हालको पोखरा महानगरपालिका वि.सं २०५२ माघ १८ गते पोखरा उपमहानगरपालिकाको रूपमा घोषणा भएको थियो । तत्कालीन पोखरा उपमहानगरपालिका, लेखनाथ नगरपालिका, मौजागाउँ विकास समिति पूरा, चापाकोट गाउँ विकास समिति पूरा, भदौरे तमागी गाउँ विकास समितिका ३ र ९ नं वडाहरू, कास्कीकोट गाउँ विकास समिति पूरा, माझठाना गाउँ विकास समितिका १, ४ र ९ नं वडाहरू, कालिका गाउँ विकास समितिका १ र ५ नं वडाहरू साथै पुरुन्चौर गाउँ विकास समिति पूरा गाभिएर वि.सं २०७३ फाल्गुन २७ गते ३३ ओटा वडासहित यसको विधिवत् रूपमा पोखरा महानगरपालिका नामाकरण घोषणा भएको थियो । यसको कुल क्षेत्रफल ४६४.२७ वर्ग किलोमिटर रहेको छ । भौगोलिक हिसाबले यो नेपालको सबैभन्दा ठूलो महानगरपालिका हो । राष्ट्रिय जनगणना २०६८ अनुसार यहाँको कुल जनसंख्या ४,१४,१४१ रहेको छ । जसमा ब्राह्मण २२.८३, गुरूङ २१.६२, क्षेत्री १५.३५, दलित ८.७१ र मगर ८.२० प्रतिशत बसोबास गर्दछन् । यहाँको जनसंख्या वृद्धिदर ५.४६ प्रतिशत रहेको पाइन्छ ।

यसको पूर्व सिमाना मादी गाउँपालिका र रूपा गाउँपालिका, पश्चिम सिमाना अन्नपूर्ण गाउँपालिका, पर्वत र स्याङ्जा जिल्ला, उत्तर सिमाना माछापुच्छ्रे गाउँपालिका र मादी गाउँपालिका तथा दक्षिण सिमाना स्याङ्जा र तनहुँ जिल्ला रहेका छन् । यो नेपालको अत्यन्तै रमणीय र पर्यटकीय स्थलको रूपमा संसारभर प्रख्यात छ । फेवाताल, बेगनास ताल, महेन्द्र गुफा, पातले छाँगो, शान्ति स्तुपा, सराङकोट, कास्कीकोट आदि यहाँका प्रमुख पर्यटकीय स्थल हुन् ।

पोखरा उपत्यका पश्चिम नेपालको प्रमुख शिक्षा तथा स्वास्थ्यको केन्द्र पनि हो । यहाँ नेपालकै प्रख्यात पृथ्वीनारायण बहुमुखी क्याम्पस, पोखरा विश्वविद्यालय, पोखरा चिसाखोला वेद विद्याश्रमलगायत पोखरा महानगरपालिकाकै स्वामित्वमा रहेको गण्डकी बहुप्राविधिक शिक्षालय पनि यसै वर्षदेखि सञ्चालन भइरहेको छ । यति मात्र होइन, स्वास्थ्यको क्षेत्रमा पनि पोखरा महानगरपालिका अग्रस्थानमा नै छ । पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान, मणिपाल शिक्षण अस्पतालसहित थुप्रै स्वास्थ्य संस्थाहरू रहेका छन् । यस्तै पोखरा महानगरपालिकाभित्र हाल प्राथमिक तहदेखि माध्यमिक तह (कक्षा १२ सम्म) सामुदायिक र संस्थागत गरी ३९२ शैक्षिक संस्थाहरू सञ्चालनमा रहेका छन् ।

नेपालको संविधानले माध्यमिक तहसम्मको शिक्षाको अधिकार र दायित्व स्थानीय तहलाई सुम्पेको छ । संविधानको मर्मअनुरूप माध्यमिक तहसम्मको शिक्षाको व्यवस्थापन गर्नु पनि

स्थानीय सरकारको अधिकार क्षेत्रभित्र पर्दछ । विकसित मुलुकहरू जहाँ शिक्षाको अवस्था राम्रो छ, त्यहाँ विद्यालय आफैँले पाठ्यक्रम निर्माण गरी अध्यापन गराउँछन् । स्थानीय सरकारले माध्यमिक तहसम्म अध्ययन गर्ने विद्यार्थीका लागि पाठ्यक्रम निर्माण गर्नु असम्भव त होइन यद्यपि माध्यमिक तहसम्मको पाठ्यक्रम संघीय सरकारले नै निर्माण गर्ने र स्थानीय क्षेत्रका विषयवस्तु, जुन संघीय पाठ्यक्रमले समेट्न सकेका छैनन् र नितान्त स्थानीय आवश्यकतासँग सम्बन्धित छन्, त्यस्ता विषयवस्तुलाई स्थानीय पाठ्यक्रममा समेट्न सकिएको खण्डमा बालबालिकालाई आफ्नो परिवेशबाट सिक्न, नजिकको वातावरण र भूगोलसँग सम्बन्धित ज्ञानको खोजी गर्न, देखे भोगेका कुराहरूको गहिराइसम्म पुग्न, आफ्नो समुदाय र समाजमा रहेका मूल्य, मान्यता, आस्था, धरोहर, अनुभव र ज्ञानलाई परीक्षण, पुनःपरीक्षण गर्दै आफूमा भएको ज्ञान, सिप र अनुभवलाई फराकिलो पार्दै विश्वव्यापी ज्ञानसँग समिश्रण गर्न, सामाजिक सरोकारका विषयवस्तुसँग परिचित हुनसमेत स्थानीय पाठ्यक्रमले महत्त्वपूर्ण टेवा पुर्‍याउन सक्ने छ भन्ने अपेक्षा राखिएको छ ।

## २. विद्यालय शिक्षाको राष्ट्रिय उद्देश्य

राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ ले परिवर्तित संरचना र राज्य व्यवस्थाअनुरूप निम्नानुसार शिक्षाका राष्ट्रिय उद्देश्यहरू तय गरेको छ :

क. प्रत्येक व्यक्तिमा अन्तर्निहित प्रतिभा प्रस्फुटन गरी व्यक्तित्व विकास गर्ने,

ख. संघीय लोकतान्त्रिक गणतन्त्रका मूल्य मान्यताप्रति प्रतिबद्ध, राष्ट्र र राष्ट्रियताप्रति बफादार, स्वाभिमानी, सामाजिक तथा सांस्कृतिक विविधतालाई सम्मान गर्ने, चरित्रवान्, नैतिकवान् एवम् जिम्मेवार नागरिक तयार गर्ने,

ग. श्रमप्रति सम्मान एवम् सकारात्मक सोच भएका, रोजगार तथा स्वरोजगार उन्मुख, उत्पादनमुखी, उद्यमशील र सिपयुक्त नागरिक तयार गर्ने,

घ. व्यक्तिको सामाजिकीकरणमा सहयोग गर्दै सामाजिक सद्भाव तथा सहिष्णुता र राष्ट्रिय एकता सुदृढ गर्न सहयोग पुर्‍याउने,

ङ. प्राकृतिक तथा राष्ट्रिय सम्पदा र पर्यावरणको संरक्षण, संवर्धन र सदुपयोग गर्दै दिगो विकासमा योगदान गर्ने सचेत नागरिक तयार गर्ने,

च. प्रत्येक व्यक्तिमा शान्ति, मानव अधिकार, समानता, समावेशीता र सामाजिक न्यायका मान्यतानुरूपको आचरण विकास गरी समतामूलक, समावेशी, न्यायपूर्ण र समाजवाद उन्मुख राष्ट्र निर्माणमा मद्दत गर्ने ।

छ. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा प्रतिस्पर्धी, आधुनिक सूचना तथा सञ्चार प्रविधि प्रयोग गर्न सक्ने विश्व परिवेश सुहाउँदो दक्ष जनशक्ति तयार गर्ने,

ज. वैज्ञानिक अवधारणा, तथ्य, सिप, सिद्धान्त तथा प्रविधिको प्रयोग गर्न सक्ने वैज्ञानिक सुझबुझ भएको तथा अनुसन्धानमुखी जनशक्ति तयार गर्ने,

झ. रचनात्मक तथा समालोचनात्मक चिन्तन गर्ने, जीवनोपयोगी सिप भएका, सहिष्णु, भाषिक क्षमतामा निपुण नागरिक तयार गर्ने,

ञ. नेपाली मौलिक कला, संस्कृति, सौन्दर्य, आदर्श तथा विशिष्टताहरूको संरक्षण, संवर्धन र विस्तारतर्फ अभिप्रेरित भई नेपाली पहिचानप्रति गौरव गर्ने नागरिक तयार गर्ने,

ट. जलवायु परिवर्तन तथा प्राकृतिक एवम् मानव सिर्जित प्रकोपप्रति सचेत रही सम्भावित जोखिम न्युनीकरण तथा विपद् व्यवस्थापन गर्न सक्षम नागरिक तयार गर्ने,

ठ. सामाजिक न्यायमा आधारित समृद्ध राष्ट्र निर्माणका निम्ति आवश्यक मानव संसाधनको विकास गर्ने ।

## ३. आधारभूत तहका सक्षमताहरू

आधारभूत शिक्षाले विद्यार्थी केन्द्रित शिक्षाका माध्यमद्वारा बालबालिकामा अन्तर्निहित प्रतिभाको विकास गर्ने लक्ष्य राखेको छ । यस तहको शिक्षाको मुख्य उद्देश्य राष्ट्रप्रेम र लोकतन्त्रमा विश्वास गरी राष्ट्रियताको संरक्षण र संवर्धन गर्ने, अधिकार र कर्तव्यको पालनासहित स्वतन्त्रताको सम्मान गर्ने, सामाजिक र प्राकृतिक वातावरणप्रति सचेत भई मानवीय मूल्य र मान्यताअनुकूल व्यवहार गर्ने कर्तव्यनिष्ठ नागरिक उत्पादन गर्नु हो । यस तहको शिक्षा प्राप्त गरिसकेका बालबालिकाहरू आफ्ना विचार आदानप्रदान एवम् दैनिक जीवनमा आइपर्ने व्यावहारिक समस्या समाधान गर्न सक्षम, स्वावलम्बी, परिश्रमी, वैज्ञानिक सुझबुझ भएका, स्वास्थ्यप्रति सचेत र नैतिकवान् हुने छन् ।

### क) आधारभूत शिक्षा (कक्षा १ देखि ८) का सक्षमता:

१. देशप्रेम तथा राष्ट्रिय एकताको भावना एवम् लोकतान्त्रिक मूल्य, मान्यता तथा संस्कार व्यवहारमा प्रदर्शन,

२. भाषिक तथा सञ्चार सिपको विकास र व्यावहारिक, सिर्जनात्मक एवम् सान्दर्भिक प्रयोग,

३. सूचना र विचारहरूको आदानप्रदान, विश्लेषण तथा सूचना प्रविधिको समुचित प्रयोग,

४. तार्किक तथा व्यावहारिक गणितीय ज्ञान, सिप एवम् अभिवृत्ति विकास र प्रयोग,

५. वैज्ञानिक अवधारणा, तथ्य, सिद्धान्त र नियमप्रतिको जिज्ञासा एवम् बोध र व्यावहारिक जीवनमा प्रयोग,
६. मानव मूल्य र मान्यता एवम् सामाजिक गुणको विकास तथा नागरिक कर्तव्यप्रति सजग,
७. जनसङ्ख्या, वातावरण संरक्षण र दिगो विकासबिचको अन्तरसम्बन्धको बोध र व्यवस्थापनमा सहयोग,
८. शारीरिक तन्दुरुस्ती, स्वस्थकर जीवनशैली र जीवनोपयोगी सिपको विकास,
९. स्थानीय, आधुनिक पेसा, व्यवसाय र प्रविधि एवम् श्रमप्रति सम्मान तथा व्यवहार कुशल सिप (Soft Skills) को प्रयोग,
१०. नेपाली कला, साहित्य र संस्कृतिको संरक्षण तथा संवर्धन एवम् सिर्जनशीलताको विकास र प्रयोग,
११. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिवेशसँग परिचित भई विविधता, विश्वबन्धुत्व र सहअस्तित्व बोध तथा स्वीकार,
१२. दैनिक जीवनमा आइपर्ने व्यावहारिक समस्याहरूको पहिचान, विश्लेषण तथा समाधान ।

**ख) आधारभूत तह (कक्षा १-३) का सक्षमताः**

१. देशप्रेमको भावना एवम् लोकतान्त्रिक मूल्य, मान्यता र संस्कारको विकास, आधारभूत भाषिक तथा सञ्चार सिपको विकास र व्यावहारिक प्रयोग,
२. आधारभूत गणितीय धारणाको ज्ञान, सिपको विकास र प्रयोग,
३. नैतिकता, अनुशासन, सदाचार र स्वावलम्बनजस्ता सामाजिक मूल्य मान्यता एवम् चारित्रिक गुणको विकास,
४. विज्ञान, वातावरण, सूचना प्रविधिसम्बन्धी आधारभूत ज्ञान र सिपको विकास,
५. शारीरिक तन्दुरुस्ती, स्वस्थकर बानी, सरसफाइ र जीवनोपयोगी सिप तथा व्यवहार कुशल सिपको विकास,
६. कला तथा सौन्दर्यप्रति अभिरुचि, सिर्जनात्मक र समालोचनात्मक सिपको विकास,
७. आफ्नो परिवेशसँग परिचित भई विभिन्न जातजाति, धर्म, भाषा, संस्कृतिका साथै आफ्ना क्षेत्रप्रति सम्मान र समभावको विकास ।

**ग) आधारभूत तह (कक्षा ४ र ५) का सक्षमता**

आधारभूत शिक्षा (कक्षा ४- ५) का सक्षमताहरू निम्नानुसार हुने छन् :

१. देशप्रेमको भावना एवम् लोकतान्त्रिक मूल्य मान्यता र संस्कारको विकासका साथै आधारभूत भाषिक तथा सञ्चार सिपको विकास र व्यावहारिक प्रयोग,

२. आधारभूत गणितीय अवधारणा, व्यावहारिक सिपको विकास र प्रयोग,

३. नैतिकता, अनुशासन, सदाचार र स्वावलम्बनजस्ता सामाजिक मूल्य मान्यता एवम् चारित्रिक गुणको विकास,

४. विज्ञान, वातावरण, सूचना प्रविधिसम्बन्धी आधारभूत ज्ञान र सिपको विकास,

५. शारीरिक तन्दुरुस्ती, स्वस्थकर बानी, सरसफाइ र जीवनोपयोगी सिप तथा व्यवहार कुशल सिपको विकास, कला तथा सौन्दर्यप्रति अभिरुचि, सिर्जनात्मक र समालोचनात्मक सिपको विकास,

६. आफ्नो परिवेशसँग परिचित भई विभिन्न जातजाति, धर्म, भाषा, संस्कृतिका साथै आफ्नो क्षेत्रप्रति सम्मान र समभावको विकास ।

**घ) स्थानीय पाठ्यक्रम (कक्षा १-५) को सक्षमताः**

तहगत सक्षमता विषयगत दायराभन्दा व्यापक हुने हुँदा स्थानीय विषयको अलग्गै सक्षमता किटान गरिरहनु पर्ने हुँदैन । राज्यले अङ्गीकार गरेको केन्द्रीकृत पाठ्यक्रमले निर्धारण गरेका तहगत सक्षमताहरू हासिल गराउन सहयोग पुऱ्याउनु नै स्थानीय पाठ्यक्रमको मूल लक्ष्य हो तथापि स्थानीय पाठ्यक्रम प्रयोगकर्ता एवम् आम सरोकारवालाहरूलाई पाठ्यक्रम कार्यान्वयनमा सहजता एवम् प्रभावकारिता ल्याउनका लागि निम्नअनुसार सक्षमता निर्धारण गरिएको छ :

१. म को हुँ ? म कहाँको हुँ ? मेरो जीवनमा म हुर्केको वातावरणले के महत्त्व राख्दछ ? जस्ता प्रश्नको जिज्ञासा राखी बाह्य परिवेशसँग अनुकूलन हुने,

२. आफू र आफ्नो निकटस्थ परिवेशको खोजमूलक जानकारी राखी त्यसको प्रयोग र अभ्यास ।

## ४. स्थानीय पाठ्यक्रमका तहगत सिकाइ उपलब्धि

आधारभूत तह पार गरेपछि विद्यार्थीले निम्न लिखित ज्ञान सिप हसिल गर्न सक्षम हुने छन् :

- पोखरा महानगरको सामन्य भूबनोट, प्राकृतिक स्रोत तथा वातावरणको जानकारी लिई तिनको उपयोग र संरक्षणमा सहभागी हुने छन् ।
- स्थानीय मेला महोत्सव तथा कला सिपसँग परिचित भई तिनमा सहभागी हुन गौरव गर्ने छन् ।
- स्थानीय परम्परागत पेसा तथा कृषिजन्य व्यवसायको महत्त्व बुझी श्रमको सम्मान गर्ने छन् ।
- स्वस्थ र सुरक्षित जीवनका लागि अवलम्बन गर्नुपर्ने न्यूनतम आचरण गर्ने छन् ।

## ५. आधारभूत तहको पाठ्यक्रम ढाँचा

### (क) कक्षा १ देखि ३

| क्र.स. | विषय | पाठ्यघण्टा | वार्षिक कार्यघण्टा |
|---|---|---|---|
| १ | भाषिक सिप विकास सम्बन्धी क्रियाकलाप (नेपाली) | ५ | १६० |
| २ | भाषिक सिप विकास सम्बन्धी क्रियाकलाप (अङ्ग्रेजी) | ४ | १२८ |
| ३ | गणितीय सिप विकास सम्बन्धी क्रियाकलाप | ४ | १२८ |
| ४ | विज्ञान, स्वास्थ्य र शारीरिक शिक्षा, सामाजिक अध्ययन, चारित्रिक विकास तथा सिर्जनात्मक कला सम्बन्धी क्रियाकलाप (सेरोफरो) | ८ | २५६ |
| ५ | मातृभाषिक सिप/स्थानीय विषयवस्तु सम्बन्धी क्रियाकलाप | ५ | १६० |
| | जम्मा | २६ | ८३२ |

### (ख) कक्षा ४ र ५

| क्र.स. | विषय | पाठ्यघण्टा | वार्षिक कार्यघण्टा |
|---|---|---|---|
| १ | नेपाली | ५ | १६० |
| २ | अङ्ग्रेजी | ५ | १६० |
| ३ | गणित | ५ | १६० |
| ४ | विज्ञान तथा प्रविधि | ५ | १६० |
| ५ | सामाजिक अध्ययन तथा मानव मूल्य शिक्षा | ५ | १६० |
| ६ | स्वास्थ्य, शारीरिक तथा सिर्जनात्मक कला | ३ | ९६ |
| ७ | मातृभाषा/स्थानीय विषय | ४ | १२८ |
| | जम्मा | ३२ | १०२४ |

### (ग) कक्षा ६ देखि ८

| क्र स. | विषय | पाठ्यघण्टा | वार्षिक कार्यघण्टा |
|---|---|---|---|
| १ | नेपाली | ५ | १६० |
| २ | अङ्ग्रेजी | ५ | १६० |
| ३ | गणित | ५ | १६० |
| ४ | विज्ञान तथा प्रविधि | ५ | १६० |
| ५ | सामाजिक अध्ययन तथा मानव मूल्य शिक्षा | ५ | १६० |
| ६ | स्वास्थ्य तथा शारीरिक शिक्षा (सिर्जनात्मक कला) | ३ | ९६ |
| ७ | मातृभाषा/स्थानीय विषय/संस्कृत | ४ | १२८ |
| | जम्मा | ३२ | १०२४ |

## ६.स्थानीय पाठ्यक्रमको विषयक्षेत्रगत पाठ्यभार वितरण

| क्र.सं | क्षेत्र | पाठ्यभार | |
|---|---|---|---|
| | | कक्षा १-३ | कक्षा ४-५ |
| १. | महानगर परिचय | २० | १६ |
| २. | फलफूल तथा तरकारी खेती | २२ | १८ |
| ३. | पशुपालन | २२ | २० |
| ४. | पक्षीपालन | १२ | १० |
| ५. | पर्यटन | २५ | २० |
| ६. | धार्मिक मेला महोत्सव | २० | १६ |
| ७. | स्थानीय सिप तथा कला | १५ | १० |
| ८. | स्वास्थ्य तथा सुरक्षित जीवन | १२ | ९ |
| ९. | व्यक्ति र व्यक्तितत्व | १२ | ९ |
| | जम्मा | १६० | १२८ |

## ७. कक्षागत सिकाइ उपलब्धि

| क्र. सं. | विषयक्षेत्र | कक्षा १ | कक्षा २ | कक्षा ३ | कक्षा ४ | कक्षा ५ |
|---|---|---|---|---|---|---|
| १. | महानगर परिचय | १ महानगरको नाम बताउन,<br>२ आफू बसोबास गर्ने ठाउँको वा टोलको नाम बताउन। | १ महानगरको सामान्य परिचय दिन,<br>२ छिमेकी बस्ती, गाउँको नाम बताउन,<br>३ नगरका प्रसिद्ध स्थानको नाम बताउन | १ महानगरको सामान्य भौगोलिक तथ्य बताउन,<br>२ जातजाति तथा भाषाको नाम बताउन,<br>३ आफ्नो र छिमेकी वडाका प्रमुख धार्मिक तथा पर्यटकीय स्थलका नाम बताउन | १ नगरको क्षेत्रफल र भौगोलिक तथ्यहरूको परिचय दिन,<br>२ जाति, भाषा, पहिरन तथा चाडपर्वको सामान्य परिचय दिन,<br>३ नगरका प्रमुख व्यापारिक, धार्मिक तथा पर्यटकीय स्थलका नाम बताउन | १ महानगरपालिकाभित्रका प्राकृतिक सम्पदाको सूची बताउन,<br>२ जनसङ्ख्या तथा घरधुरी सम्बन्धी तथ्य बताउन<br>३ महानगरपालिकाभित्र रहेका विभिन्न शैक्षिक तथा अन्य सङ्घसंस्थाहरूको परिचय दिन |
| २. | फलफूल तथा तरकारी खेती | १ आफ्नो टोल वा वडामा पाइने फलफूल तथा तरकारीको नाम बताउन,<br>२ हरिया तरकारी तथा फलफूल हेरी रङ, तथा खाएर स्वाद बताउन | १ स्थानीय जातका फलफूल तथा तरकारीको पहिचान गर्न,<br>२ मौसमअनुसार गरिने फलफूल तथा तरकारी खेतीको नाम बताउन | १ व्यावसायिक रूपमा गरिने फलफूल र तरकारी खेती हुने स्थानको नाम बताउन,<br>२ अर्गानिक फलफूल तथा तरकारी खेतीको सामान्य परिचय दिन | १ व्यावसायिक रूपमा गरिने फलफूल र तरकारी खेतीको फाइदा बताउन,<br>२ फलफूल तथा तरकारी खेती गर्ने सामान्य तरिका बताउन<br>३ अर्गानिक फलफूल तथा तरकारीको फाइदा बताउन | १ स्थानीय स्तरमा खेती गरिने नयाँ फलफूल र तरकारीको खेतीको परिचय दिन<br>२ व्यावसायिक रूपमा गरिने फलफूल तथा तरकारी खेती गर्ने तरिका बताउन,<br>३ फलफूल र तरकारीको बजार पहिचान गर्न |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ३. | पशुपालन | १ घरपालुवा जनावरको चित्र हेरी नाम बताउन,<br>२ घरपालुवा जनावरको आवाज नक्कल गर्न | १ आफूलाई मन पर्ने जनावरको नाम बताउन,<br>२ व्यवसायका लागि पालिने जनावरको नाम बताउन | १ घरपालुवा जनावरको आहारा तथा स्वभाव बताउन,<br>२ खोर तथा गोठको सरसफाइका तरिकाहरू बताउन | १ घरपालुवा जनावरको छोटो वर्णन गर्न,<br>२ पशुको हेरचाहका सामान्य तरिका र तिनीहरूबाट आफू सुरक्षित रहने तरिका बताउन,<br>३ पशुपालनबाट प्राप्त हुने खानेकुराको सूची बनाउन | १ घरपालुवा तथा जङ्गली जनावरको भिन्नता बताउन,<br>२ पशुपालनमा सहभागी भई परिवारका सदस्यलाई सघाउन<br>३ पशुपालनवाट हुने फाइदा बताउन |
| ४. | पक्षीपालन | १ वरपर पाइने घरपालुवा पक्षी देखेर चिन्न र नाम बताउन,<br>२ घरमा पालिने र जङ्गली पक्षी देखेर छुट्याउन | १ घरपालुवा पक्षीहरूको नाम बताउन,<br>२ आफूलाई मन पर्ने पक्षीको नाम बताउन,<br>३ पक्षीको आवाज नक्कल गर्न | १ घरपालुवा पक्षीको आहार तथा स्वभाव बताउन,<br>२ आफ्नो घरमा वा छिमेकमा पालिएका पक्षीको नाम बताउन,<br>३ पक्षीपालनका फाइदाको सूची बनाउन | १ व्यावसायिक रूपमा पालिने पक्षीको रङ, आकार, तौलको आधारमा वर्णन गर्न,<br>२ पक्षी हेरचाहका सामान्य तरिका बताउन,<br>३ पक्षीपालनका फाइदा बताउन | १ पक्षीपालन गर्दा ध्यान दिनुपर्ने कुरा बताउन,<br>२ पक्षीपालनमा सहभागी भई परिवारका सदस्यलाई सघाउन,<br>३ पक्षीपालनको आवश्यकता, महत्त्व र फाइदा बताउन |
| ५. | पर्यटन | १ सामान्य शिष्टाचार गर्न,<br>२ आफू घुमेको ठाउँको नाम बताउन | १ परिवेशअनुरूप शिष्टाचार गर्न,<br>२ आफू घुमेको ठाउँको नाम बताउन,<br>३ स्थानीय क्षेत्रका पर्यटकीय स्थानको नाम बताउन | १ अपरिचित व्यक्तिसँग शिष्ट भाषामा कुरा गर्न,<br>२ स्थानीय क्षेत्रका पर्यटकीय स्थानको सूची बनाउन<br>३ स्थानीय साहसिक खेलको नाम बताउन | १ प्रचलित स्थानीय र बाह्य शिष्टाचारका शैलीसँग परिचित हुन<br>२ स्थानीय क्षेत्रका पर्यटकीय स्थल तथा साहसिक खेलको छोटो वर्णन गर्न,<br>३ पर्यटनबाट हुने फाइदा बताउन | १ आवश्यकताअनुसार आतिथ्यताका सामान्य तरिका व्यवहारमा उतार्न<br>२ पर्यटन व्यवसायका किसिम बताउन<br>३ स्थानीय क्षेत्रका पर्यटकीय स्थानको छोटो वर्णन गर्न, |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ६. | धार्मिक मेला तथा महोत्सव | १ स्थानीय धार्मिक स्थलको नाम बताउन,<br>२ आफूलाई मनपर्ने चाडको नाम बताउन | १ स्थानीय धार्मिक, मेलाको नाम बताउन,<br>२ स्थानीय रूपमा मनाइने चाडपर्वको सूची बनाउन | १ स्थानीय विभिन्न धार्मिक, सांस्कृतिक मेला महोत्सवको सूची बताउन,<br>२ स्थानीय रूपमा मनाइने चाडपर्वको सूची बनाउन | १ स्थानीय विभिन्न धार्मिक, सांस्कृतिक मेला महोत्सवको सूची बनाउन,<br>२ स्थानीय रूपमा मनाइने चाडपर्वको सूची बनाउन,<br>३ स्थानीय मेला तथा महोत्सवमा सहभागी हुन | १ स्थानीय विभिन्न धार्मिक, सांस्कृतिक मेला महोत्सवमा सहभागी हुन,<br>२ स्थानीय रूपमा मनाइने चाडपर्वको सूची बनाउन,<br>३ स्थानीय मेला तथा महोत्सवमा सहभागी भई परस्पर सहिष्णुता कायम गर्न |
| ७. | स्थानीय सिप तथा कला | स्थानीय रूपमा उत्पादित सामग्री हेरी नाम भन्न | स्थानीय सामग्री हेरी तिनको प्रयोग बताउन, | १ स्थानीय प्रविधबाट बनेका सामानका सूची बनाउन,<br>२ स्थानीय सिप तथा कला प्रयोगका बारेमा बताउन | १ परम्परागत स्थानीय प्रविधि, सिप तथा कला र सामग्रीहरूको उपयोगिता र महत्त्व बताउन,<br>२ परम्परागत सिप तथा कलाको संरक्षणका उपाय बताउन | १ परम्परागत स्थानीय सामग्रीको प्रयोग गर्न,<br>२ परम्परागत सिप तथा कलाको संरक्षण गर्न |
| ८. | स्वास्थ्य तथा सुरक्षित जीवन | १ शरीरको अङ्गका नाम बताउन,<br>२ चोटपटक लाग्न सक्ने अवस्था पहिचान गर्न | १ शरीरको विभिन्न अङ्गका सरसफाइ गर्न,<br>२ आफूले प्रयोग गरेका सामानहरूको उचित व्यवस्थापन गर्न<br>३ सामान्य सुरक्षाका उपाय अवलम्बन गर्न, | १ शरीरको विभिन्न अङ्गका सरसफाइ गरी नियमित नुहाउन<br>२ व्यक्तिगत सामग्रीको हिफाजत र व्यवस्थापन गर्न,<br>३ सडक र खेल मैदानमा अपनाउनुपर्ने सुरक्षाका उपाय बताउन | १ नियमित नुहाउन र सानातिना कपडा धुन<br>२ स्वस्थकर र अस्वस्थकर खाना पहिचान गर्न,<br>३ गर्न हुने र गर्न नहुने कुराको सूची बनाउन<br>४ घर र कक्षाकोठाको सरसफाइ तथा विद्यालय परिसरमा हरियाली प्रवर्धन गर्न | १ व्यक्तिगत सरसफाइ, योग-ध्यानको सामान्य अभ्यास गर्न,<br>२ स्वस्थकर खाना पहिचान गरी खाने बानी बसाल्न,<br>३ गर्न हुने र गर्न नहुने कुराको सूची बनाई जोखिमयुक्त काम गर्दा सावधानी अपनाउन,<br>४ घर तथा विद्यालय परिसरमा हरियाली प्रवर्धन गर्न |
| ९. | व्यक्ति र व्यक्तित्व | १ आफूलाई मनपर्ने साथीका बारेमा बताउन | १ आफूलाई मनपर्ने व्यक्तिका बारेमा बताउन | १ आफूलाई मनपर्ने व्यक्ति मन पर्नाका कारण बताउन | १ समाजमा योगदान पुऱ्याउने व्यक्तिको छोटो जीवनी लेख्न | १ स्थानीय कवि तथा कलाकारको सङ्क्षिप्त जीवनी लेख्न |

## ८. कक्षागत विषय विस्तृतीकरण

कक्षा १

| क्र. सं. | विषयक्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सिकाइ सहजीकरण क्रियाकलाप | सिकाइ सामग्री | सिकाइ मूल्याङ्कन | पाठ्यभार |
|---|---|---|---|---|---|---|---|
| १. | महानगर परिचय | १ महानगरको नाम बताउन,<br>२ आफू बसोबास गर्ने ठाउँ वा टोलको नाम बताउन | महानगरका वडाहरू,<br>सार्वजनिक स्थलहरू,<br>आफू बसोबास गर्ने नगर तथा टोलको नाम, सिमाना र धार्मिक तथा पर्यटकीय स्थल | प्रश्नोत्तर,<br>छलफल,<br>नक्सा प्रदर्शन<br>नक्सा ट्रेसिङ | महानगरको नक्सा,<br>पोखरा चिनाउने तस्बिरहरू | प्रश्नोत्तर,<br>ठाउँ पहिचान | २० |
| २. | फलफूल तथा तरकारी खेती | १ आफ्नो टोल वा वडामा पाइने फलफूल तथा तरकारीको नाम बताउन,<br>२ हरिया तरकारी तथा फलफूल हेरी रङ, तथा खाएर स्वाद बताउन | स्थानीय स्तरमा पाइने फलफूल तथा तरकारीको नाम जस्तै- सुन्तला, केरा, अम्बा, लप्सी, लिची आदि, स्थानीय तरकारीहरू कौसीखेती, जस्तैः साग, बन्दा, काउली, ब्रोकोउली, मूला, घिरौला, करेला, काँक्रो, गोलभेडा, आलु | प्रश्नोत्तर,<br>छलफल,<br>अवलोकन,<br>परियोजना कार्य, | चित्र,<br>वास्तविक वस्तु,<br>श्रव्यदृश्य सामग्री | प्रश्नोत्तर,<br>व्यवहार<br>अवलोकन,<br>कक्षा कार्य, | २२ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ३. | पशुपालन | १ घरपालुवा जनावरको चित्र हेरी नाम बताउन,<br>२ घरपालुवा जनावरको आवाज नक्कल गर्न | घरपालुवा जनावरको नाम,<br>घरपालुवा जनावरको आवाज<br>घरमा पालिने जनावर (जस्तै- गाई, भैंसी, बाख्रा, कुकुर, बिरालो, आदि) को सूची,<br>घरमा पालिने पशुको परिचय | छलफल,<br>प्रश्नोत्तर,<br>परियोजना कार्य,<br>चित्र प्रदर्शन,<br>समूहकार्य | जनावरको चित्र,<br>सूची,<br>श्रव्यदृश्य सामग्री | प्रश्नोत्तर,<br>व्यवहार<br>अवलोकन,<br>कक्षाकार्य | २२ |
| ४. | पक्षीपालन | १ वरपर पाइने घरपालुवा पक्षीहरू देखेर चिन्न र नाम बताउन,<br>२ घरमा पालिने र जङ्गली पक्षी देखेर छुट्याउन | कुखुरा, हाँस, बट्टाई, कालिज, टर्की; स्थान विशेषमा पाइने चराहरू आफ्नो वरपर पाइने विभिन्न  खालका पक्षीहरूको नामाकरण, घरमा पालिने र घरमा नपालिने पक्षीको समूह विभाजन | प्रश्नोत्तर,<br>परियोजना कार्य,<br>चित्र प्रदर्शन,<br>समूहकार्य,<br>रङ भर्न लगाउने | घरपालुवा चराहरूका तस्बिरहरू,<br>थोप्लाबाट बनेका चराका चित्रहरू | प्रश्नोत्तर,<br>व्यवहार<br>अवलोकन,<br>कक्षाकार्य | १२ |
| ५. | पर्यटन | १ सामान्य शिष्टाचार गर्न,<br>२ आफू घुमेको ठाउँको नाम बताउन | सामान्य शिष्टाचारका भाषा तथा लवज, छरछिमेकका स्थानहरू, परिवारका सदस्य र पाहुनाको भिन्नता पहिचान,<br>शिष्टाचारका शैली, स्थानीय रमणीय स्थानहरू | प्रश्नोत्तर,<br>परियोजना कार्य,<br>चित्र प्रदर्शन,<br>समूहकार्य,<br>अभिनय | तस्बिर,<br>श्रव्यदृश्य सामग्री | प्रश्नोत्तर,<br>व्यवहार<br>अवलोकन,<br>कक्षाकार्य | २५ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ६. | धार्मिक मेला तथा महोत्सव | १ स्थानीय धार्मिक स्थलको नाम बताउन,<br>२ आफूलाई मनपर्ने चाडको नाम बताउन | स्थानीय, धार्मिक, सांस्कृतिक मेला तथा महोत्सव, स्थानीय स्तरमा विभिन्न जातजातिका चाडपर्व दसैँ, तिहार, टूहोटे पर्व, गाईजात्रा, ल्होसार, ढुङ्गेसाँघु मेलाको परिचय | छलफल, प्रश्नोत्तर, प्रवचन, चित्र प्रदर्शन, समूहकार्य, सहभागिता | धार्मिक मेला तथा महोत्सवका चित्र, पोस्टर, पत्रपत्रिकाका कटिङ, श्रव्यदृश्य सामग्री | प्रश्नोत्तर, व्यवहार अवलोकन, कक्षाकार्य | २० |
| ७. | स्थानीय सिप तथा कला | स्थानीय रूपमा उत्पादित सामग्री हेरी नाम भन्न | आफ्नो स्थानीय स्तरमा रहेका प्रविधि, सिप तथा कला र सामग्रीको नामावली सङ्कलन परम्परागत स्थानीय सिप, लोकगीत तथा लोकबाजा जस्तै चित्र कोर्ने गुन्द्री (सुकुल), चकटी, गुन्द्रुक, तितौरा, दुना टपरी, मदुस, ठेकी, मदानी, थुन्से, मादल, खैजडी | छलफल, प्रश्नोत्तर, प्रवचन, चित्र प्रदर्शन, समूहकार्य, परियोजना कार्य | परम्परागत स्थानीय प्रविधि, सिप तथा कला र सामग्रीहरूको नाम,<br>फोटोसहितको सूची | प्रश्नोत्तर, व्यवहार अवलोकन, कक्षाकार्य | १५ |
| ८. | स्वास्थ्य तथा सुरक्षित जीवन | १ शरीरको अङ्गका नाम बताउन,<br>२ चोटपटक लाग्न सक्ने अवस्था पहिचान गर्न | शरीरको अङ्गको जानकारी, हातखुट्टा धुने, दाँत माझ्ने, नङ काट्ने, मुख धुने आदि, तिखा र धारिला हतियार, आगो विद्युतीय उपकरण भन्याङ नहर, फोहोर व्यवस्थापन चोटपटक लाग्नबाट सुरक्षित हुने उपाय | छलफल, प्रश्नोत्तर, प्रवचन, चित्र प्रदर्शन, समूहकार्य, परियोजना कार्य | शरीरको चित्र, प्राकृतिक सम्पदाहरूको सूची तथा चित्र,<br>श्रव्यदृश्य सामग्रीहरू | प्रश्नोत्तर, व्यवहार अवलोकन, कक्षाकार्य | १२ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ९. | व्यक्ति र व्यक्तित्व | १ आफूलाई मनपर्ने साथीको बारेमा बताउन | साथीको नाम, ठेगाना, मनपर्ने कुरा, स्वभाव र मन पर्नका कारण | छलफल,<br>प्रश्नोत्तर,<br>चित्र प्रदर्शन,<br>समूहकार्य, | फोटो, चित्र | प्रश्नोत्तर,<br>व्यवहार<br>अवलोकन,<br>कक्षा कार्य | १२ |

**कक्षा : २**

| क्र. सं. | विषयक्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सिकाइ सहजीकरण क्रियाकलाप | सिकाइ सामग्री | सिकाइ मूल्याङ्कन | पाठ्यभार |
|---|---|---|---|---|---|---|---|
| १. | महानगर परिचय | १ महानगरको सामान्य परिचय दिन,<br>२ छिमेकी बस्ती, गाउँको नाम बताउन,<br>३ नगरका प्रसिद्ध स्थानको नाम बताउन | आफू बसोबास गर्ने नगर वा बासस्थानको नाम, जातजाति भाषा, आफ्नो वडा नं र वडामा भएका मुख्य विशेषता, पालिकाको नक्सा, ताल, नदी, गुफा, वन जङ्गल व्यापारिक केन्द्र | नक्सा प्रदर्शन,<br>प्रश्नोत्तर,<br>समूहकार्य,<br>छलफल,<br>परियोजना कार्य, कक्षाकार्य | वडाका<br>विभिन्न स्थानहरूका<br>फोटा,<br>नक्सा | प्रश्नोत्तर,<br>कक्षाकार्य,<br>व्यवहार<br>अवलोकन | २० |
| २. | फलफूल तथा तरकारी खेती | १ स्थानीय जातका फलफूल तथा तरकारी पहिचान गर्न,<br>२ मौसमअनुसार गरिने फलफूल तथा तरकारीको नाम बताउन | स्थानीय जातका बेमौसमी तथा मौसमी फलफूल तथा तरकारीको सूची, फलफूल फल्ने समय, कौसी खेतीको चिनारी, फलफूल तथा तरकारी खेतीको प्रत्यक्ष तथा अप्रत्यक्ष फाइदा | प्रश्नोत्तर,<br>समूहकार्य,<br>छलफल,<br>परियोजना कार्य,<br>कक्षाकार्य | चित्र,<br>वास्तविक वस्तु,<br>श्रव्यदृश्य सामग्री | प्रश्नोत्तर,<br>कक्षाकार्य,<br>व्यवहार<br>अवलोकन | २२ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ३. | पशुपालन | १ आफूलाई मनपर्ने जनावरको नाम बताउन,<br>२ व्यवसायका लागि पालिने जनावरको नाम बताउन | गाई, भैँसी, बङ्गुर, बाख्राको सामान्य परिचय, पशुपालनका फाइदा (दुध, मासु, अन्डा, सामान ओसारपसार) दुध तथा अन्य पशुजन्य व्यवसाय | प्रश्नोत्तर,<br>समूहकार्य,<br>छलफल,<br>परियोजना कार्य,<br>कक्षाकार्य | जनावरको चित्र/ सूची | प्रश्नोत्तर,<br>कक्षाकार्य,<br>व्यवहार<br>अवलोकन | २२ |
| ४. | पक्षीपालन | १ घरपालुवा पक्षीहरूको नाम बताउन<br>२ आफूलाई मनपर्ने पंक्षीको नाम बताउन<br>३ पक्षीको आवाज नक्कल गर्न, | पक्षीको परिचय,आफ्नो वरपर पाइने घरपालुवा पक्षीको उपयोगिता (प्वाँख, श्रृङ्गार, ज्याकेट, खेलौना आदिमा प्रयोग, सुली मलको रूपमा प्रयोग) | प्रश्नोत्तर,<br>समूहकार्य,<br>छलफल,<br>परियोजना कार्य,<br>कक्षाकार्य | विभिन्न प्रकारका पक्षीका नामसहितका चित्रहरू | प्रश्नोत्तर,<br>कक्षाकार्य,<br>व्यवहार<br>अवलोकन | १२ |
| ५. | पर्यटन | १ परिवेशअनुसार शिष्टाचार गर्न,<br>२ आफू घुमेको ठाउँको नाम बताउन,<br>३ स्थानीय क्षेत्रका पर्यटकीय स्थानको नाम बताउन | अतिथि सत्कार, शिष्टभाषाको प्रयोग, अभिवादनका प्रचलित अभ्यासहरू<br>स्थानीय क्षेत्रका पर्यटकीय स्थानको नाम तथा सूची, | प्रश्नोत्तर,<br>समूहकार्य,<br>छलफल,<br>परियोजना कार्य,<br>कक्षाकार्य | शिष्ट भाषा, लवजका उदाहरणको चार्ट,<br>कट आउट,<br>दृश्य सामग्री | प्रश्नोत्तर,<br>कक्षाकार्य,<br>व्यवहार<br>अवलोकन | २५ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ६. | धार्मिक मेला तथा महोत्सव | १ स्थानीय धार्मिक, मेलाको नाम बताउन,<br>२ स्थानीय रूपमा मनाइने चाडपर्वको सूची बनाउन | स्थानीय स्तरमा प्रचलित धार्मिक, सांस्कृतिक र व्यापारिक महोत्सवका सूचीसहित परिचय, स्थानीय धार्मिक, सांस्कृतिक चाडपर्वको विवरण | नक्सा प्रदर्शन,<br>प्रश्नोत्तर,<br>स्थानीय लोककथा प्रतियोगिता<br>परियोजना कार्य, मेला अवलोकन | धार्मिक, सांस्कृतिक मेला महोत्सवका चित्र/ पोस्टर,<br>श्रव्यदृश्य सामग्री, | प्रश्नोत्तर,<br>कक्षाकार्य,<br>व्यवहार<br>अवलोकन,<br>अनुभव लेखन | २० |
| ७. | स्थानीय सिप तथा कला | स्थानीय सामग्री हेरी तिनको प्रयोगका बारे बताउन | परम्परागत स्थानीय प्रविधि, सिप तथा कला लोकगीत लोकबाजाको सामान्य परिचय जस्तैः ढिकी, जाँतो, पानीघट्ट, बुनाइ, कटाइ, चित्र कोर्ने दुना, टपरी, मदुस, ठेकी, मदानी, पन्चेबाजा, मादल, खैजडी आदि | नक्सा प्रदर्शन,<br>प्रश्नोत्तर,<br>समूहकार्य,<br>छलफल,<br>परियोजना कार्य,<br>कक्षाकार्य | स्थानीय प्रविधि, सिप तथा कला र सामग्रीहरूको तस्बिर वा चित्रहरू | प्रश्नोत्तर,<br>कक्षाकार्य,<br>व्यवहार<br>अवलोकन | १५ |
| ८. | स्वास्थ्य तथा सुरक्षित जीवन | १ शरीरका विभिन्न अङ्गको सरसफाइ गर्न<br>२ आफूले प्रयोग गरेका सामानहरूको उचित व्यवस्थापन गर्न<br>३ सामान्य सुरक्षाका उपाय अवलम्बन गर्न, | शरीरको सफाइ गर्ने तरिका, सामानको व्यवस्थापन, पढ्दा, खेल्दा प्रयोग हुने सामान, होसियारी अपनाउनु पर्ने अवस्था, धारिला हतियार, विद्युतीय उपकरण, आगो र प्रज्वलनशील पदार्थ, घर, भऱ्याङ र सिँढीको प्रयोग, सडकको प्रयोग | प्रश्नोत्तर,<br>समूहकार्य,<br>छलफल,<br>परियोजना कार्य,<br>कक्षाकार्य | श्रव्यदृश्य सामग्रीहरू,<br>चित्र/पोष्टर,<br>डकुमेन्ट्री,<br>स्थलगत भ्रमण | प्रश्नोत्तर,<br>कक्षाकार्य,<br>व्यवहार<br>अवलोकन,<br>अनुभव<br>लेखन | १२ |
| ९. | व्यक्ति र व्यक्तित्व | १ आफूलाई मनपर्ने व्यक्तिको बारेमा बताउन, | समाजसेवी व्यक्तिको नाम, ठेगाना, पेसा र योगदान | प्रश्नोत्तर,<br>छलफल,<br>परियोजना कार्य,<br>कक्षाकार्य | पत्रिकाहरूमा प्रकाशित दुर्घटना सम्बन्धी समाचार र तस्बिर | प्रश्नोत्तर,<br>कक्षाकार्य,<br>व्यवहार<br>अवलोकन,<br>अनुभव लेखन | १२ |

**कक्षा : ३**

| क्र. सं. | विषयक्षेत्र | कक्षा ३ | विषयवस्तुको विस्तृतीकरण | सिकाइ सहजीकरण क्रियाकलाप | सिकाइ सामग्री | सिकाइ मूल्याङ्कन | पाठ्यभार |
|---|---|---|---|---|---|---|---|
| १. | महानगर परिचय | १ महानगरको सामान्य भौगोलिक तथ्य बताउन,<br>२ जातजाति तथा भाषाको नाम बताउन<br>३ आफ्नो र छिमेकी वडाका प्रमुख धार्मिक तथा पर्यटकीय स्थलका नाम बताउन | पोखरा महानगरको सामान्य भूगोल, वडा सिमाना, पर्यटकीय स्थल मठ मन्दिर, देवालय (छिमेकी वडासहित), महानगरभित्र बसोबास गर्ने जातजाति, भाषा, संस्कृति, रहनसहनमा विविधता, चाडपर्वमा पाक्ने विशेष परिकार | नक्सा प्रदर्शन, प्रश्नोत्तर, समूहकार्य, छलफल, परियोजना कार्य, कक्षाकार्य | ऐतिहासिक स्थलहरूको तस्बिर, नगरको नक्सा, नगरमा बसोबास गर्ने जातजातिको सूची | प्रश्नोत्तर, कक्षाकार्य, एकाइ परीक्षा, व्यवहार अवलोकन | २० |
| २. | फलफूल तथा तरकारी खेती | १ व्यावसायिक फलफूल र तरकारी हुने स्थानको नाम बताउन,<br>२ अर्गानिक फलफूल तथा तरकारी खेतीको सामान्य परिचय दिन | कृषि, व्यावसायिक फलफूल र तरकारी हुने स्थानहरू, अर्गानिक फलफूल तथा तरकारी खेतीको सामान्य परिचय,व्यावसायिक फलफूल तथा तरकारीको परिचय, सुन्तला, लप्सी, अर्गानिक मल कौसी खेतीको परिचय | प्रश्नोत्तर, समूहकार्य, छलफल, परियोजना कार्य, कक्षाकार्य | चित्र<br>वास्तविक वस्तु, श्रव्यदृश्य सामग्री | प्रश्नोत्तर, कक्षाकार्य, एकाइ परीक्षा, व्यवहार अवलोकन, परियोजना कार्य | २२ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ३. | पशुपालन | १ घरपालुवा जनावरको आहारा तथा स्वभाव बताउन<br>२ खोर तथा गोठको सरसफाइका तरिकाहरू बताउन | कृषि तथा पशुपालन दुधजन्य तथा मासुजन्य पशुपालन, माछापालन, खोर तथा गोठको सरसफाइका तरिकाहरू, पशुपालनमा परिवारका सदस्यले गर्ने कार्य | क्षेत्रभ्रमण, प्रश्नोत्तर, समूहकार्य, छलफल, परियाजना कार्य, कक्षाकार्य | चित्र, तालिका, भिडियो | प्रश्नोत्तर, कक्षाकार्य, एकाइ परीक्षा, व्यवहार अवलोकन, | २२ |
| ४. | पक्षीपालन | १ घरपालुवा पक्षीको आहार तथा स्वभाव बताउन<br>२ आफ्नो घरमा वा छिमेकमा पालिएका पक्षीको नाम बताउन<br>३ पक्षीपालनका फाइदाको सूची बनाउन | पक्षीजन्य उत्पादन र प्रयोग, मासु र मासुका परिकारहरू, अन्डाको प्रयोग गरेर बनाइने परिकारहरू, प्वाँखको प्रयोग गरेर गरिने उत्पादहरू, सुलीको प्रयोग | क्षेत्रभ्रमण, प्रश्नोत्तर, समूहकार्य, छलफल, परियोजना कार्य, कक्षाकार्य | चित्र, वास्तविक वस्तु, श्रव्यदृश्य सामग्री | प्रश्नोत्तर, कक्षाकार्य, एकाइ परीक्षा, व्यवहार अवलोकन, | १२ |
| ५. | पर्यटन | १ अपरिचित व्यक्तिसँग शिष्ट भाषामा कुरा गर्न,<br>२ स्थानीय क्षेत्रका पर्यटकीय स्थानको सूची बनाउन,<br>३ स्थानीय साहसिक खेलको नाम बताउन | अतिथि सत्कार,शिष्ट व्यवहार, पर्यटन व्यवसाय, साहसिक पर्यटकीय खेलहरूको जानकारी, प्याराग्लाइडिङ , बोटिङ, केबलकार, बञ्जीजम्प, जिप फ्लाइङको चिनारी, आफ्नो क्षेत्रको पर्यटकीय महत्त्व | क्षेत्रभ्रमण, प्रश्नोत्तर, समूहकार्य, छलफल, परियोजना कार्य, कक्षाकार्य | चित्र, वास्तविक वस्तु, श्रव्यदृश्य सामग्री | प्रश्नोत्तर, कक्षाकार्य, एकाइ परीक्षा, व्यवहार अवलोकन, | २५ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ६. | धार्मिक मेला तथा महोत्सव | १ स्थानीय विभिन्न धार्मिक, सांस्कृतिक मेला महोत्सवको सूची बनाउन,<br>२ स्थानीय रूपमा मनाइने चाडपर्वको सूची बनाई सहभागी हुन | स्थानीय धार्मिक मेला तथा महोत्सव सञ्चालन हुने समय र स्थानको जानकारी<br>ट्होटे पर्व, ल्होसार पर्व, घाटु नृत्य, गाईजात्रा (तयमचा), सोरठी नृत्य, भैरव जात्रा/नृत्य, चुड्का भजन, बालन, गन्धर्व गीत, आदि मेलामा सहभागिता | क्षेत्रभ्रमण, प्रश्नोत्तर, समूहकार्य, छलफल, परियोजना कार्य, कक्षाकार्य | मेलापर्वका चित्र, तालिका, सम्बन्धित भिडियो, क्यालेन्डर, मेलापर्व, सम्मेलन हुने स्थानहरूको तस्बिर | प्रश्नोत्तर, कक्षाकार्य, एकाइ परीक्षा, व्यवहार अवलोकन, | २० |
| ७. | स्थानीय सिप तथा कला | १ स्थानीय प्रविधिबाट बनेका सामानका सूची बनाउन<br>२ स्थानीय सिप तथा कला प्रयोगका बारेमा बताउन | परम्परात स्थानीय प्रविधि, सिप तथा कला र सामग्रीको प्रयोग स्थानीय प्रविधि र परम्परागत, सामग्रीहरूको निर्माण गर्न आवश्यक कच्चा पदार्थहरू, लोकगीत एवं स्थानीय बाजाको परिचय | स्थानीय सङ्ग्रहालय भ्रमण, समूहकार्य, छलफल, परियोजना कार्य, कक्षाकार्य | सामग्रीहरूको चित्र, श्रव्यदृश्य सामग्री | प्रश्नोत्तर, कक्षाकार्य, एकाइ परीक्षा, व्यवहार अवलोकन, | १५ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ८. | स्वास्थ्य तथा सुरक्षित जीवन | १ शरीरका अङ्गको सरसफाइ गरी नियमित नुहाउन<br>२ व्यक्तिगत सामग्रीको हिफाजत र व्यवस्थापन गर्न<br>३ सडक र खेल मैदानमा अपनाउनुपर्ने सुरक्षाका उपायहरू बताउन | व्यक्तिगत सरसफाइका तरिका तथा अभ्यास ; पौष्टिक खानाको अर्थ, आवश्यकता र महत्त्वको जानकारी, आफूले कुनै पनि कार्य गर्दा प्रयोगमा ल्याएका सामानहरूको हिफाजत, संरक्षण र व्यवस्थापन सम्बन्धी जानकारी, सडक नियम धारिला हतियार, विद्युतीय उपकरण, आगो र प्रज्वलनशील पदार्थ, घर, भऱ्याङ र सिँढीको प्रयोग हुँदा हुन सक्ने दुर्घटनाबाट सावधानी | चार्ट प्रदर्शन,<br>क्षेत्र भ्रमण,<br>प्रश्नोत्तर,<br>समूहकार्य,<br>छलफल,<br>परियोजना कार्य,<br>कक्षाकार्य | स्थानीय अन्न,<br>फलफूल र<br>तरकारीहरू,<br>फलफूल तथा<br>तरकारीहरूको चार्ट,<br>डन्डीबियो<br>प्राकृतिक सम्पदाको<br>चित्र,<br>बगैँचाको<br>चित्र वा पोष्टर,<br>आदि | प्रश्नोत्तर,<br>कक्षाकार्य,<br>एकाइ परीक्षा,<br>व्यवहार अवलोकन, | १२ |
| ९. | व्यक्ति र व्यक्तित्व | १ आफूलाई मनपर्ने व्यक्ति मन पर्नाका कारण बताउन | नाम, ठेगाना, पेसा, स्वभाव योगदान र अनुकरणीय आचरण, जीवनी | अनुभव<br>अदानप्रदान,<br>छलफल,<br>परियोजना कार्य,<br>कक्षाकार्य | पोस्टर, पम्प्लेट, चार्ट,<br>सावधानी झल्कने चार्ट<br>र पोस्टर श्रव्यदृश्य<br>सामग्री, सुरक्षाको<br>उपायको सूची | प्रश्नोत्तर,<br>कक्षाकार्य,<br>एकाइ परीक्षा,<br>व्यवहार अवलोकन, | १२ |

**कक्षा : ४**

| क्र. सं. | विषय क्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सिकाइ सहजीकरण क्रियाकलाप | सिकाइ सामग्री | सिकाइ मूल्याङ्कन | पाठ्यभार |
|---|---|---|---|---|---|---|---|
| १. | महानगर परिचय | १ नगरको क्षेत्रफल बताउन , भौगोलिक तथ्यहरूको परिचय दिन<br>२ जाति, भाषा, पहिरन तथा चाडपर्वको सामान्य परिचय दिन<br>३ नगरका प्रमुख व्यापारिक, धार्मिक तथा पर्यटकीय स्थलका नाम बताउन | महानगरको भौगोलिक अवस्थिति, क्षेत्रफल, जनसङ्ख्या, मौसम मुख्य भौगोलिक तथ्यहरू (भूबनोट, भौगोलिक अवस्थिति, वर्षाको विवरण, नदी, ताल, हिमाल, खोला, गुफा, खेतीयोग्य जमिन, झरना, वन पैदावारआदि) को परिचय, | नक्सा प्रदर्शन, क्षेत्रभ्रमण, प्रश्नोत्तर, समूहकार्य, छलफल, परियोजना कार्य, कक्षाकार्य | महानगरबाटै प्रकाशित बुलेटिनहरू, श्रव्यदृश्य सामग्री | प्रश्नोत्तर, कक्षाकार्य, एकाइ परीक्षा, व्यवहार अवलोकन, सहभागिता | १६ |
| २. | फलफूल तथा तरकारी खेती | १ व्यावसायिक फलफूल र तरकारी खेतीको फाइदा बताउन,<br>२ फलफूल तथा तरकारी खेती गर्ने सामान्य तरिका बताउन<br>३ अर्गानिक फलफूल तथा तरकारीको फाइदा बताउन | व्यावसायिक रूपमा अर्गानिक फलफूल र तरकारी खेती गर्ने तरिका, यसका फाइदा, (खनजोत, मलजल, बारबेर), व्यावसायिक फलफूल र तरकारी खेतीको उपयोगिता र महत्त्व, कौसी खेतीको महत्त्व तथा खेती गर्ने सामान्य तरिका | क्षेत्रभ्रमण, प्रश्नोत्तर, समूहकार्य, छलफल, परियोजना कार्य, कक्षाकार्य | श्रव्यदृश्य सामग्री, विभिन्न चार्टहरू, विभिन्न संस्थाबाट प्रकाशित पोस्टर पम्पलेटहरू | हाजिरीजवाफ, प्रश्नोत्तर, कक्षाकार्य, एकाइ परीक्षा, व्यवहार अवलोकन | १८ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ३. | पशुपालन | १ घरपालुवा जनावरको छोटो वर्णन गर्न,<br>२ पशुको हेरचाहका सामान्य तरिका तथा तिनीहरूबाट सुरक्षित रहने तरिका बताउन<br>३ पशुपालनबाट प्राप्त हुने खानेकुराको सूची बनाउन, | पशुपालन<br>कुनै एक पशुको विशिष्टीकृत अध्ययनः गाई, भैँसी, बाख्रा, बङ्गुर, माछा, मौरी र रेसम,<br>पशुको हेरचाह<br>जनावरबाट सुरक्षित रहने उपाय | क्षेत्रभ्रमण,<br>प्रश्नोत्तर,<br>समूहकार्य,<br>छलफल,<br>परियोजना कार्य,<br>कक्षाकार्य | पत्रपत्रिका<br>बुलेटिन, पोस्टर,<br>पम्पलेट,<br>पशुको हेरचाहमा अपनाउनुपर्ने सावधानीको सूची | प्रश्नोत्तर,<br>कक्षाकार्य,<br>एकाइ परीक्षा,<br>व्यवहार अवलोकन,<br>सहभागिता | २० |
| ४. | पक्षीपालन | १ व्यावसायिक रूपमा पालिने पक्षीको रङ्ग, आकार, तौलको आधारमा वर्णन गर्न,<br>२ पक्षी हेरचाहका सामान्य तरिका बताउन<br>३ पक्षीपालनका फाइदा बताउन | व्यावसायिक रूपले पाल्न सकिने पक्षीहरूको परिचय, महत्त्व र फाइदा<br>आफ्नो आवश्यकताको परिपूर्ति र आत्मनिर्भरताको लागि रोजगारीको सिर्जना, आर्थिक लाभ, घरपालुवा पक्षीहरू (हाँस, कुखुरा, बट्टाई, टर्की) को रङ, आकार, तौल, मुख्य खानेकुरा, स्वाभाव | क्षेत्रभ्रमण,<br>प्रश्नोत्तर,<br>समूहकार्य,<br>छलफल,<br>कक्षाकार्य<br>सम्बन्धित लेख,<br>व्यावसायीसँगको अन्तरवार्ता | श्रव्यदृश्य सामग्री<br>पत्रपत्रिका<br>बुलेटिन, पोस्टर,<br>पम्पलेट,<br>पक्षी हेरचाहमा अपनाउनुपर्ने सावधानीको सूची | प्रश्नोत्तर,<br>कक्षाकार्य,<br>एकाइ परीक्षा,<br>व्यवहार अवलोकन,<br>सहभागिता | १० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ५. | पर्यटन | १ प्रचलित स्थानीय र बाह्य शिष्टाचारका शैलीसँग परिचित हुन,<br>२ स्थानीय क्षेत्रका पर्यटकीय स्थल तथा साहसिक खेलको छोटो वर्णन गर्न,<br>३ पर्यटन व्यवसायबाट हुने फाइदा बताउन | पर्यटक सत्कार, पर्यटकीय स्थलहरूको महत्त्व, साहसिक खेल, केबलकार, जिपफ्लायर, ग्रामीण पर्यटन सेवा, होमस्टे, पर्यटकलाई गर्ने सत्कार, (पर्यटनसँग मिल्दो अङ्ग्रेजी पाठ्यक्रमले तोकेको पाठ्यांश एकीकृत गर्ने) पर्यटन व्यवसायको महत्त्व तथा फाइदा जनाउने कथात्मक लेख, ग्रामीण पर्यटन सेवा | क्षेत्रभ्रमण, प्रश्नोत्तर, समूहकार्य, परियोजना कार्य, वास्तविक अवसर मिलाउने वा अभिनय गर्ने | होमस्टेको फोटो, ब्रोसर, भिडियो, पम्पलेट, श्रव्यदृश्य सामग्री | प्रश्नोत्तर, कक्षाकार्य, एकाइ परीक्षा, व्यवहार अवलोकन, सहभागिता | २० |
| ६. | धार्मिक मेला तथा महोत्सव | १ स्थानीय विभिन्न धार्मिक, सांस्कृतिक मेलाको महत्त्व बताउन,<br>२ स्थानीय रूपमा मनाइने चाडपर्वहरूको सूची बनाउन,<br>३ स्थानीय मेला तथा महोत्सवमा सहभागी हुन | प्रमुख जाति विशेषका मेला, महोत्सव, ब्राह्मण, क्षेत्री, गुरुङ, मगर, नेवार तथा अन्य दलित समुदायमा प्रचलित मेलापर्व, उत्सव, महोत्सवहरू ट्होटे पर्व, ल्होसार पर्व, घाटु नृत्य, गाईजात्रा (तयमचा), सोरठी नृत्य, भैरव जात्रा/नृत्य, चुड्का भजन, रत्यौली बालन, गन्धर्व गीत, पन्चैबाजा, मठ मन्दिर, चैत्य, स्तुपा, मस्जित आदि स्थानीय मेला | मेलामा सहभागिता, परियोजना कार्य, कक्षाकार्य, वास्तविक अवसर मिलाउने, प्रश्नोत्तर र छलफल गराउने | मेलापर्वमा प्रयोग गरिने पहिरन/ चित्र, मेलापर्वको विकासको लागि भएका कामहरूबारे प्रस्ट झल्कने चित्र,पोस्टर | प्रश्नोत्तर, कक्षाकार्य, एकाइ परीक्षा, व्यवहार अवलोकन, सहभागिता | १६ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ७. | स्थानीय सिप तथा कला | १ परम्परागत स्थानीय प्रविधि, सिप तथा कला र सामग्रीहरूको उपयोगिता र महत्त्व बताउन<br>२ परम्परागत सिप तथा कलाको संरक्षणका उपाय बताउन | परम्परागत स्थानीय प्रविधि, सिप तथा कला र सामग्रीहरूको संरक्षणका तरिका, उपयोगिता र महत्त्व<br>परम्परागत स्थानीय प्रविधिको उपयोगिता र महत्त्व<br>लोक परम्परा लोकगीतको परिचय अभ्यास लोकबाजाको परिचय र अभ्यास | प्रश्नोत्तर,<br>छलफल<br>अवलोकन<br>सङ्ग्रहालय भ्रमण | स्थानीय प्रविधि सिप तथा कला र सामग्रीहरूको उपयोगिता र महत्त्व झल्कने चित्र तथा पोष्टरहरू | प्रश्नोत्तर,<br>कक्षाकार्य,<br>एकाइ परीक्षा,<br>व्यवहार अवलोकन,<br>सहभागिता | १० |
| ८. | स्वास्थ्य तथा सुरक्षित जीवन | १ नियमित नुहाउन र सानातिना कपडा धुन<br>२ स्वस्थ्यकर र अस्वस्थकर खाना पहिचान गर्न<br>३ गर्न हुने र गर्न नहुने कुराको सूची बनाउन<br>४ घर तथा कक्षाकोठाको सरसफाइ तथा विद्यालय परिसरमा हरियाली प्रवर्धन गर्न | व्यक्तिगत सरसफाइ स्वस्थ खानपान, असल आनीबानी,<br>सरसफाइ तथा वातावरण<br>स्वस्थ्यकर र अस्वस्थकर खाना, म्याद नाघेको खानेकुरा<br>योगध्यान, शारीरिक कसरतका लागि प्रचलित खेल,<br>चोटपटक लाग्न सक्ने स्थानः खेलमैदान, भान्सा, भऱ्याङ, नहर, खोला, भिर, सडक पहिचान गरी सावधानी अपनाउने तरिका | कथाकथन,<br>प्रश्नोत्तर,<br>छलफल, समूहकार्य,<br>परियोजना कार्य,<br>कक्षाकार्य | स्वस्थ खानाका तथा वृक्षारोपणका चित्रहरू,<br>योगध्यानका लागि श्रव्यदृश्य सामग्री | प्रश्नोत्तर,<br>कक्षाकार्य,<br>एकाइ परीक्षा,<br>व्यवहार अवलोकन,<br>सहभागिता | ९ |
| ९. | व्यक्ति र व्यक्तित्व | १ समाजमा योगदान पुऱ्याउने व्यक्तिको छोटो जीवनी लेख्न | समाजमा योगदान पुऱ्याउने व्यक्तिको जीवनी, स्थानीय खेलाडी, गायक, कवि, कवयित्री, समाजसेवीको जीवनी, | प्रश्नोत्तर, समूहकार्य, परियोजना कार्य, कक्षाकार्य | तस्बिर, घरायसी प्रयोगका सामान | प्रश्नोत्तर,<br>कक्षाकार्य,<br>एकाइ परीक्षा,<br>सहभागिता | ९ |

**कक्षा : ५**

| क्र. सं. | विषयक्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सिकाइ सहजीकरण क्रियाकलाप | सिकाइ सामग्री | सिकाइ मूल्याङ्कन | पाठ्यभार |
|---|---|---|---|---|---|---|---|
| १. | महानगर परिचय | १ महानगरभित्रको प्राकृतिक सम्पदाको सूची बनाउन,<br>२ जनसङ्ख्या तथा घरधुरी सम्बन्धी तथ्याङ्क बताउन,<br>३ पालिकाभित्र रहेका विभिन्न शैक्षिक तथा अन्य सङ्घसंस्थाहरूको परिचय दिन | वन जङ्गल नदीनाला तालतलैयाको चिनारी, वडागत जनसङ्ख्या, महिला, पुरुष विवरण वनपैदावार, जडीबुटी महानगरपालिकाभित्र सञ्चालनमा रहेका विभिन्न शैक्षिक तथा अन्य सङ्घसंस्था स्थानीय स्तरबाट प्रकाशित पत्रपत्रिका | प्रश्नोत्तर, छलफल, समूहकार्य, परियोजना कार्य, कक्षाकार्य | पत्रपत्रिका, बुलेटिन, विभिन्न तथ्यका सूची | प्रश्नोत्तर, कक्षाकार्य, एकाइ परीक्षा, व्यवहार अवलोकन, सहभागिता | १६ |
| २. | फलफूल तथा तरकारी खेती | १ स्थानीय स्तरमा खेती गर्न सकिने नयाँ फलफूल र तरकारीको परिचय दिन<br>२ व्यावसायिक फलफूल तथा तरकारी खेती गर्ने तरिका बताउन,<br>३ फलफूल र तरकारीको बजार पहिचान गर्न | स्थानीय स्तरमा खेती गर्न सकिने नयाँ फलफूलको परिचय, घिउफल, (एबोकाडो), स्ट्रबेरी, किवी, सिउँडीफल (ड्रागन फ्रुट), स्टारफल (स्टारफ्रुट), तरकारी खेती (च्याउ, कुरिलो) फलफूल र तरकारीको बजार पहिचान, कौसी खेती गर्ने तरिका | प्रश्नोत्तर, छलफल, समूहकार्य, परियोजना कार्य, कक्षाकार्य, क्षेत्रगत भ्रमण, विज्ञसँगको अन्तरक्रिया | चित्र वा वास्तविक वस्तु, श्रव्यदृश्य सामग्री | प्रश्नोत्तर, कक्षाकार्य, एकाइ परीक्षा, व्यवहार अवलोकन, सहभागिता | १८ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ३. | पशुपालन | १ घरपालुवा तथा जङ्गली जनावरको भिन्नता बताउन,<br>२ पशुपालनमा सहभागी भै परिवारका सदस्यलाई सघाउन<br>३ पशुपालनबाट हुने फाइदा बताउन, | कुनै एक पशुको विशिष्टीकृत अध्ययनः (गाई, भैंसी, बाख्रा, बङ्गुर, माछा, मौरी र रेसम) खोर तथा गोठ बनाउँदा ध्यान दिनुपर्ने कुराहरू, पशुको खाद्यान्न (घाँस, डाले घाँसका रूख, दाना, चोकर आदि) | प्रश्नोत्तर, छलफल, समूहकार्य, परियोजना कार्य, क्षेत्रगत भ्रमण, विज्ञसँगको अन्तरक्रिया | विभिन्न पत्रपत्रिका, बुलेटिन, पोस्टर, पम्पलेट, आदि | प्रश्नोत्तर, कक्षाकार्य, एकाइ परीक्षा, व्यवहार अवलोकन, सहभागिता | २० |
| ४. | पक्षीपालन | १ पक्षीपालन गर्दा ध्यान दिनुपर्ने कुरा बताउन,<br>२ पक्षीपालनमा सहभागी भई परिवारका सदस्यलाई सघाउन,<br>३ पक्षीपालनको महत्त्व र फाइदा बताउन | पक्षीपालनको परिचय आय आर्जनको माध्यम पक्षीजन्य उत्पादन मासु र अन्डा विभिन्न परिकार बनाएर बिक्री वितरण गर्न सकिने, मलको प्रयोग गरेर कृषि उत्पादन बढाउन सकिने,आर्थिक लाभ आदि | प्रश्नोत्तर, छलफल, समूहकार्य, परियोजना कार्य, कक्षाकार्य, क्षेत्रगत भ्रमण, विज्ञसँगको अन्तरक्रिया | चार्ट, पोस्टर, पक्षीपालन व्यवसाय सम्बन्धी श्रव्यदृश्य सामग्रीहरू, लेख रचना तथा अन्तरवार्ता | प्रश्नोत्तर, कक्षाकार्य, एकाइ परीक्षा, व्यवहार अवलोकन, सहभागिता | १० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ५. | पर्यटन | १ आवश्यकताअनुसार आतिथ्यताका सामान्य तरिका व्यवहारमा उतार्न,<br>२ पर्यटन व्यवसायका किसिम बताउन,<br>३ स्थानीय क्षेत्रका पर्यटकीय स्थानको छोटो वर्णन गर्न | शिष्टाचारका शैली महानगरबाट पर्यटकीय क्षेत्रको विकासका लागि भएका गतिविधि, नयाँ पर्यटकीय स्थलहरूको खोजी, स्थानीय पर्यटकीय स्थलहरूको खोजी तथा प्रचारप्रसारमा विद्यार्थी, शिक्षक, सङ्घसंस्था र महानगरको भूमिका, नदी, ताल हिमालहरू | प्रश्नोत्तर, छलफल, समूहकार्य, परियोजना कार्य, कक्षाकार्य, क्षेत्रगत भ्रमण, विज्ञसँगको अन्तरक्रिया | पर्यटकीय स्थलहरूको सूची, पर्यटन विकासको लागि गरेका गतिविधि उल्लिखित चार्ट, आफ्नो परिसरबाट देखिने हिमालको नामसहितको चित्र | प्रश्नोत्तर, कक्षाकार्य, एकाइ परीक्षा, व्यवहार अवलोकन, सहभागिता, हाजिरीजवाफ | २० |
| ६. | धार्मिक मेला तथा महोत्सव | १ स्थानीय विभिन्न धार्मिक, सांस्कृतिक मेला महोत्सवमा सहभागी हुन<br>२ स्थानीय रूपमा मनाइने चाडपर्वको सूची बनाउन,<br>३ स्थानीय मेला तथा महोत्सवमा सहभागी भई परस्पर सहिष्णुता कायम गर्न | स्थानीय धार्मिक मेला तथा महोत्सवको पहिचान, प्रचारप्रसार र संरक्षण, व्यापारिक महोत्सव, स्थानीय गीत, बाजा तथा जात्राहरूको संरक्षण समुदायमा प्रचलित मेलापर्वको संरक्षण व्यापारिक महोत्सवहरूः स्ट्रीट फेस्टिबल, लेखनाथ महोत्सव, पोखरा महोत्सव, हेम्जा आलु महोत्सव | प्रश्नोत्तर, छलफल, समूहकार्य, परियोजना कार्य, कक्षाकार्य, क्षेत्रगत भ्रमण, विज्ञसँगको अन्तरक्रिया | मेला तथा महोत्सवका चित्र/तस्बिर, श्रव्यदृश्य सामग्री मेला महोत्सवको महत्त्व उल्लिखित चार्ट | प्रश्नोत्तर, कक्षाकार्य, एकाइ परीक्षा, व्यवहार अवलोकन, सहभागिता | १६ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ७. | स्थानीय सिप तथा कला | १ परम्परागत स्थानीय सामग्रीको प्रयोग गर्न<br>२ परम्परागत सिप तथा कलाको संरक्षण गर्न | परम्परागत स्थानीय प्रविधि सिप तथा कलाको परिचय आफ्नो घरमा प्रयोग भएका स्थानीय स्तरमा उत्पादित सामग्रीको सूची तथा संरक्षणका उपायहरू, लोकगीत सङ्गीत, बाजाका किसिम पन्चैबाजा | प्रश्नोत्तर, छलफल, समूहकार्य, परियोजना कार्य, विज्ञसँगको अन्तरक्रिया | स्थानीय सिप तथा कलाको संरक्षण गर्ने उपायहरूसहितको चार्ट, विभिन्न चित्र तथा डकुमेन्ट्री | प्रश्नोत्तर, कक्षाकार्य, एकाइ परीक्षा, व्यवहार अवलोकन, सहभागिता | १० |
| ८. | स्वास्थ्य तथा सुरक्षित जीवन | १ व्यक्तिगत सरसफाइ योगध्यानको सामान्य अभ्यास गर्न,<br>२ स्वस्थ खाना पहिचान गरी खाने बानी बसाल्न<br>३ गर्न हुने र गर्न नहुने कुराको सूची बनाई जेखिमयुक्त काम गर्दा सावधानी अपनाउन<br>४ घर तथा विद्यालय परिसरमा हरियाली प्रवर्धन गर्न | शारीरिक सरसफाइ स्वस्थ खाना तथा पानी, शारीरिक कसरतका लागि प्रचलित स्थानीय खेल, योगध्यान, वातावरण संरक्षण, वृक्षारोपण, कक्षाकोठाको सरसफाइ, गर्न हुने र गर्न नहुने कुराको सूची , तिखा धारिला हतियार, विद्युतीय सामग्री र उपकरण, आगो र प्रज्वलनशील पदार्थको प्रयोग गर्दा अपनाउनुपर्ने सावधानी | प्रश्नोत्तर, छलफल, समूहकार्य, परियोजना कार्य, कक्षाकार्य, क्षेत्रगत भ्रमण, विज्ञसँगको अन्तरक्रिया | स्वस्थकर र अस्वस्थकर भोजनका चित्रहरू, सफा र फोहोर कक्षाकोठाका चित्रहरू, वृक्षारोपणका चित्रहरू | प्रश्नोत्तर, कक्षाकार्य, एकाइ परीक्षा, व्यवहार अवलोकन, सहभागिता | ९ |
| ९. | व्यक्ति र व्यक्तित्व | स्थानीय कवि तथा कलाकारको सङ्क्षिप्त जीवनी लेख्न | स्थानीय क्षेत्रमा नाम कमाएका कवि, कलाकार, खेलाडी, शिक्षाविद् तथा समाजमा योगदान पुऱ्याएका व्यक्ति | प्रश्नोत्तर, छलफल, समूहकार्य, परियोजना कार्य, कक्षाकार्य, | जोखिमपूर्ण सामग्रीका चित्र, अन्य चार्ट | प्रश्नोत्तर, कक्षाकार्य, एकाइ परीक्षा, व्यवहार अवलोकन, | ९ |

## ९. सिकाइ सहजीकरण प्रक्रिया

आधारभूत तह कक्षा १-३ को पाठ्यक्रम २०७६ ले बहुविषयगत र विषयगत रूपमा विषयहरूलाई सङ्गठित गरी एकीकृत पाठ्यक्रम निर्माण गरिएको छ । बहुविषयक ढाँचाअन्तर्गत समावेश गरिएका सिकाइ उपलब्धि तथा विषयहरू अन्तरसम्बन्धित भएकोले सिकाइ प्रक्रिया पनि एकीकृत रूपमा सञ्चालन गर्नुपर्दछ । स्थानीय विषयका पाठ्यक्रम स्थानीय आवश्यकताअनुसार स्थानीय स्तरमै निर्माण तथा कार्यान्वयन हुने हुँदा विषयको प्रकृतिअनुरूप सिकाइ क्रियाकलाप सञ्चालन गर्न सकिन्छ ।

स्थानीय पाठ्यक्रमले अपेक्षा गरेका सिप, ज्ञान तथा अनुभवहरू सिकाउन सिकाइ योजना बनाउँदा निम्नलिखित तथ्यलाई ध्यान दिनुपर्दछ :

१. समग्र पाठ्यक्रमको अध्ययन गरी अन्तरसम्बन्धित विषयक्षेत्र पहिचान गर्नुपर्दछ ।

२. कक्षा १-३ सम्मका विद्यार्थीहरूका हकमा सम्भव भएसम्म स्थानीय विषयवस्तुलाई अन्य विषयसँग अन्तरसम्बन्धित हुने गरी सिकाइ क्रियाकलाप सञ्चालन गर्नुपर्दछ । जस्तैः स्थानीय अभिवादनका शैली अभ्यास गराउँदा मेरो नेपाली तथा मेरो सेरोफेरो पुस्तकमा दिइएका विषयवस्तुलाई आधार बनाउन सकिन्छ । त्यस्तै आफू बस्ने स्थान तथा पर्यटकीय स्थान विशेषलाई वर्णन गर्न दायाँबायाँ, नजिक-टाढा, दिशा जनाउने शब्दको प्रयोग गर्न सकिन्छ ।

३. प्रभावकारी सिकाइ प्रत्यक्ष अनुभवबाट हुने हुँदा सिकाइ क्रियाकलाप निर्माण गर्दा यथासम्भव ज्ञानेन्द्रिय (Sensory Organs) प्रयोग हुने गरी गर्नुपर्दछ ।

४. सिकाइ क्रियाकलापमा बालबालिकाको रूचिअनुसारका खेल तथा रचनात्मक कार्य समावेश गरी अधिक सहभागिताको सुनिश्चितता गरिनुपर्दछ ।

५. बालबालिकाको रूचि, उमेर, भाषा, व्यक्तिगत वा पारिवारिक पृष्ठभूमिसमेत ख्याल गरी आवश्यकताअनुसार वैयक्तिक सिकाइ क्रियाकलाप पनि सञ्चालन गर्नुपर्दछ ।

६. स्थानीय विषयको पाठ्यक्रमले अपेक्षा गरेका सिप तथा ज्ञानसँग सम्बन्धित सिकाइ उपलब्धिहरू हासिल गराउन पाठ्यपुस्तक उपलब्ध नहुँदाको अवस्थामा पनि स्थानीय रूपमा सामग्री बनाउने, सङ्कलन गर्ने वा अन्य वैकल्पिक व्यवस्थापन गर्नुपर्दछ । स्थानीय पाठ्यक्रमको मिल्दो विषयवस्तु भएमा केन्द्रीकृत पाठ्यसामग्री पनि प्रयोगमा ल्याउन सकिन्छ ।

**सम्भावित सिकाइ क्रियाकलापहरू:**

क्रियाकलापमुखी सिकाइमा जोड दिई सिकाइ सहजीकरण क्रियाकलाप सञ्चालनका लागि प्रयोग गर्न सकिने केही विधि र प्रक्रिया उदाहरणका रूपमा यहाँ प्रस्तुत गरिएको छ । शिक्षकले यी र अन्य क्रियाकलापमुखी र विद्यार्थी केन्द्रित सिकाइ विधि छनोट गरी सिकाइ क्रियाकलाप सञ्चालन गर्नुपर्दछ ।

**क. कथाकथन एवम् गीत:**

यस विधिमा विषयवस्तुलाई कथाको रूपमा प्रस्तुत गर्न तथा अवधारणालाई गीतका माध्यमबाट प्रस्तुत गर्न सकिन्छ ।

**ख. भूमिका निर्वाह/अभिनय:**

यसमा सन्दर्भ र भूमिकाको बारेमा छलफल तथा निर्धारण, भूमिका वहन, छलफल र निष्कर्ष निकाल्ने कार्य गरिन्छ ।

**ग. सहयोगात्मक सिकाइ:**

यसमा सामान्यतया समूह विभाजन, समस्या र विषयवस्तु प्रस्तुति, समूहमा छलफल र निष्कर्ष वा समाधान निकालिन्छ ।

**घ. परियोजना कार्य:**

विद्यार्थीको उमेर र स्तरअनुसारका विभिन्न परियोजना कार्य दिई विद्यार्थीले आफैँ खोज्ने तथा गरेर सिक्ने अवस्था सिर्जना गर्न सकिन्छ ।

**ङ. छलफल र प्रश्नोत्तर:**

यसमा शिक्षक विद्यार्थी, विद्यार्थी शिक्षक, विद्यार्थीबिचमा प्रश्न र उत्तर गर्न सकिन्छ । प्रश्नहरूले स्मरणको प्रत्याह्वानभन्दा पनि विद्यार्थीलाई सोच्न, कारण खोज्न, मस्तिष्क मन्थन गर्न लगाई सिर्जनात्मक तथा रचनात्मक सोचाइलाई प्रोत्साहन गर्न सक्नुपर्छ । त्यसैगरी प्रश्नोत्तर र छलफलमा कक्षामा सबैका अगाडि प्रश्न सोध्ने, एकछिन पर्खने, कुनै विद्यार्थीलाई तोकेर उत्तर दिन लगाउने, उत्तर राम्रोसँग सुन्ने र अन्त्यमा छलफल र मूल्याङ्कन गर्ने प्रक्रिया प्रयोग गर्न सकिन्छ ।

**च. अनुसन्धान तथा खोज:**

यसमा समस्या वा प्रश्नको प्रस्तुति, गर्नुपर्ने खोज कार्य र तरिकाको बारेमा छलफल गरी विद्यार्थीहरूद्वारा खोज गरी निष्कर्ष निकालेर प्रस्तुत गर्न लगाई र पृष्ठपोषण दिइन्छ ।

**छ. प्रविधियुक्त कक्षाः**

मोबाइल, कम्प्युटर, प्रोजेक्टरआदि मल्टिमिडियाको उपयोग गरी धारणाको दृश्याङ्कन गर्न सकिन्छ ।

**ज. सिर्जनात्मक कार्यः**

यसमा चित्र निर्माण, रङ भर्ने, कागज काट्ने र पट्याउने, सम्बन्ध स्थापनाजस्ता कार्यहरूद्वारा सिकाइ गर्न सकिन्छ ।

**झ. समस्या समाधान विधिः**

यस विधिमा समस्यालाई बुझ्ने, योजना निर्माण, योजना कार्यान्वयन, पछाडि फर्केर हेर्ने र परिणामलाई जाँच्ने प्रक्रियाद्वारा समस्या समाधान गरिन्छ ।

**ञ. खेल विधिः**

यसमा विषयवस्तुलाई खेलका माध्यमबाट प्रस्तुत गरी अभ्यास गराइन्छ ।

**ट. प्रयोगात्मक विधिः**

यसमा कक्षाकोठा भित्र र बाहिर प्रयोगात्मक कार्यका माध्यमबाट सिकाइ कार्य गराइन्छ ।

**ठ. भ्रमणः**

विभिन्न स्थानको भ्रमण गराई त्यहाँ देखेको सिकेको कुरा प्रतिबिम्बन गराइन्छ ।

**ड. स्वाध्ययन तथा छलफलः**

विभिन्न किसिमका सामग्रीका अध्ययनको माध्यमबाट सिकाइ गर्दा सामग्री छनोट, अध्ययन र धारणा वा विचार निर्माण गरिन्छ र यसलाई आवश्यकतानुसार विद्यार्थीबिच छलफल गराउन सकिन्छ ।

**ढ. उदाहरण र प्रयोगः**

पाठका विषयवस्तुबाट उदाहरण, प्रयोग र अभ्यासमा जोड दिनुपर्छ । यसलाई भाषा शिक्षणअन्तर्गत भाषिक सिप,शब्दभण्डार र अभिव्यक्तिको शिक्षणका लागि प्रयोग गर्नुपर्छ । भाषा सिकाइमा चित्र वा आकृति निर्माण, निर्देशित, व्यावहारिक लेखन वा स्वतन्त्र रचना, सस्वरवाचन तथा द्रुतपठन पनि यसअन्तर्गत उपयोग गर्न सकिन्छ ।

**ण. श्रव्यवाच्यका आधारमा सिकाइ सहजीकरणः**

यसमा व्यक्ति, जोडी, सानो समूह र बृहत् समूहमा सुनाइ र छलफल, नमुना वाचन र अनुकरण, तुलना, विश्लेषण, मूल्याङ्कन र निष्कर्षको मौखिक प्रस्तुतीकरण क्रियाकलाप गर्नुपर्छ । यसलाई भाषा शिक्षणअन्तर्गत भाषिक सिप, शब्द भण्डार र अभिव्यक्तिको शिक्षणका लागि प्रयोग गर्न सकिन्छ ।

## १०. सिकाइ मूल्याङ्कन प्रक्रिया

विद्यालय तहमा विद्यार्थी उपलब्धि मूल्याङ्कनका लागि निर्माणात्मक मूल्याङ्कन प्रक्रिया अवलम्बन गरी सिकाइ सुधारका लागि निरन्तर पृष्ठपोषण प्रदान गरिनुका साथै निर्णयात्मक मूल्याङ्कन प्रक्रियालाई अवलम्बन गरी विद्यार्थीको सिकाइस्तर निर्धारण गर्नुपर्छ ।

### क. निर्माणात्मक मूल्याङ्कन

निर्माणात्मक मूल्याङ्कनको मुख्य उद्देश्य विद्यार्थीहरूको सिकाइ स्तरमा सुधार गर्नु हो । यसका लागि शिक्षकले विद्यार्थीको व्यक्तिगत सिकाइ उपलब्धिका आधारमा पटक पटक सिकाइ अवसर प्रदान गर्नुपर्ने हुन्छ । विद्यालय तहको निर्माणात्मक मूल्याङ्कनमा कक्षागत सिकाइ सहजीकरणको अभिन्न अङ्गका रूपमा गृहकार्य, कक्षाकार्य, प्रयोगात्मक तथा परियोजना कार्य, सामुदायिक कार्य, अतिरिक्त क्रियाकलाप, एकाइ परीक्षा, मासिक तथा त्रैमासिक परीक्षाजस्ता मूल्याङ्कनका साधनहरूको प्रयोग गर्न सकिने छ । यस्तो मूल्याङ्कनमा विद्यार्थीको अभिलेख राखी सिकाइ अवस्था यकिन गरी सुधारात्मक तथा उपचारात्मक सिकाइबाट सुधार गर्ने पक्षमा जोड दिइने छ । विशेष सिकाइ आवश्यकता भएका विद्यार्थीका लागि विषय शिक्षकले नै उपयुक्त प्रक्रिया अपनाई मूल्याङ्कन गर्नुपर्ने छ । निर्माणात्मक मूल्याङ्कनको नतिजालाई विषयगत पाठ्यक्रममा तोकिएअनुसार अभिलेखीकरण गर्नुपर्छ ।

### ख. निर्णयात्मक मूल्याङ्कन

आधारभूत तह (कक्षा ४ र ५) मा निम्नानुसार निर्णयात्मक मूल्याङ्कन गर्नुपर्ने छ:

अ. निर्माणात्मक मूल्याङ्कनबाट प्राप्त नतिजामा आधारित आन्तरिक मूल्याङ्कन ५० प्रतिशत भार तथा अन्तिम परीक्षाको नतिजाका आधारमा ५० प्रतिशत भार निर्धारण गरी निर्णयात्मक मूल्याङ्कन गर्नुपर्ने छ ।

आ. निर्णयात्मक मूल्याङ्कनका अन्य आधार विषयगत पाठ्यक्रममा तोकिएअनुसार हुने छन् ।

इ. परीक्षामा अपाङ्गता भएका तथा विशेष सिकाइ आवश्यकता भएका विद्यार्थीहरूलाई केही खास खास विषयहरूमा अरू साधारण विद्यार्थीहरूलाई दिइने प्रश्नभन्दा अलग प्रश्न बनाई मूल्याङ्कन गर्नुपर्ने छ । विशेष आवश्यकता भएका विद्यार्थीका लागि परीक्षाको समय थप गर्न सकिने छ ।

विद्यार्थी मूल्याङ्कन गर्दा आधारभूत तहको कक्षा १–३ मा औपचारिक प्रकृतिको आवधिक परीक्षा सञ्चालन गरी विद्यार्थीको सिकाइको मूल्याङ्कन अर्थात् निर्णयात्मक प्रयोजनको परम्परागत पद्धतिको मूल्याङ्कनले बालबालिकालाई सिकाइका लागि प्रोत्साहन गर्ने र

सिकाइमा सहयोग गर्ने कार्यमा योगदान गर्न सक्दैन भन्ने कुरालाई आत्मसात् गरिएको छ । यस सन्दर्भमा विद्यार्थी मूल्याङ्कनले उनीहरूलाई सिकाइका लागि प्रोत्साहन गर्नुका साथै सिकाइ सुधारका लागि मार्ग प्रशस्त गर्नुपर्दछ भन्ने दृष्टिकोणमा आधारित भई कक्षाकोठामा आधारित मूल्याङ्कनका प्रक्रिया, रणनीति तथा साधनहरू प्रयोग गर्नु आवश्यक छ । कक्षाकोठामा आधारित मूल्याङ्कनका लागि विभिन्न किसिमका साधनहरू प्रयोग गरेर विद्यार्थीको सिकाइको निरन्तर लेखाजोखा गरी शिक्षण सिकाइ प्रक्रियाको अभिन्न अङ्गका रूपमा अभ्यास गरी सिकाइ सुधारमा उपयोग गरिन्छ । कक्षाकोठामा आधारित यस्तो मूल्याङ्कनको अभिलेखलाई सञ्चित गरी आवश्यकताअनुसार सिकाइको मूल्याङ्कनका रूपमा अर्थात् विद्यार्थीको सिकाइस्तर पहिचान गर्ने प्रयोजनमा पनि प्रयोग गर्न सकिने हुन्छ । यसरी निर्माणात्मक उद्देश्यले गरिने कक्षाकोठामा आधारित मूल्याङ्कनको अभिलेखलाई निर्णयात्मक प्रयोजनमा पनि प्रयोग गर्न सकिने भएकाले यस्तो मूल्याङ्कन पद्धतिलाई निरन्तर मूल्याङ्कन पद्धति पनि भन्ने गरिन्छ । आधारभूत तहको कक्षा १–३ मा गरिने विद्यार्थी मूल्याङ्कनको मुख्य उद्देश्य सिकाइ सुधार गर्न निर्माणात्मक हुने भए पनि आवश्यकतानुसार यसको अभिलेख व्यवस्थित गरी समग्र सिकाइस्तर निर्धारण गर्ने प्रयोजनमा पनि प्रयोग गर्न सकिन्छ ।

आधारभूत तहको कक्षा १–३ को एकीकृत संरचनाको पाठ्यक्रमअनुसार चारओटा विषयक्षेत्र नेपाली भाषा, गणित, हाम्रो सेरोफेरो र अङ्ग्रेजी भाषामा विद्यार्थीको मूल्याङ्कनका लागि प्रयोग गरिने विधि, प्रक्रिया तथा साधनहरू पहिचान गरिने छ । त्यसै गरी यस मार्गदर्शनमा अपेक्षित सिकाइ उपलब्धिमा विद्यार्थीको सिकाइ स्तरको मूल्याङ्कन तथा सुधारात्मक सिकाइको अभिलेखीकरण गर्ने तरिका र अभिलेखीकरण साधनसमेत समावेश गरिएको छ । यसैका आधारमा मातृभाषा तथा स्थानीय पाठ्यक्रममा विद्यार्थीको मूल्याङ्कनका लागि आवश्यक साधन तथा प्रक्रिया विकास गरी अभिलेखीकरण गर्न सकिने हुन्छ ।

### ग. सिकाइका लागि मूल्याङ्कन

कक्षाकोठामा गरिने मूल्याङ्कनले सिकाइ सहजीकरण प्रक्रिया अर्थात् शिक्षण सिकाइ प्रक्रियाकै एउटा अङ्गका रूपमा विद्यार्थीको नियमित लेखाजोखा गरी विद्यार्थीको सिकाइमा निरन्तर सुधार गरी न्यूनतम सिकाइस्तर प्राप्तिको सुनिश्चितता गर्दछ । यसले विद्यार्थीलाई न्यूनतम सिकाइ स्तर प्राप्तिका साथै उनीहरूलाई सिकाइमा निरन्तर प्रगति गर्ने अवसर सिर्जना गर्न सहयोग गर्दछ । कक्षाकोठामा गरिने यस्तो मूल्याङ्कनले विद्यार्थीको सिकाइको वर्तमान अवस्था पत्ता लगाई सुधारका लागि मार्ग पहिचान गर्न सहयोग गर्नुका साथै अपेक्षित सिकाइ गर्न विद्यार्थीका लागि निर्देशित पनि गर्दछ । कक्षाकोठामा गरिने यस्तो मूल्याङ्कनलाई विद्यार्थीको स्तर वा ग्रेड

निर्धारणका लागि गरिने सिकाइको मूल्याङ्कनका रूपमा नलिई सिकाइ सुधार गर्ने प्रयोजनका लागि गरिने मूल्याङ्कन अर्थात् त्यसलाई मूलतः सिकाइका लागि मूल्याङ्कनका रूपमा प्रयोग गरिनुपर्दछ । अर्को शब्दमा सिकाइको क्रममा कक्षाकोठामा गरिने यस्तो मूल्याङ्कन निर्माणात्मक प्रकृतिको हुनुपर्दछ ।

निर्माणात्मक प्रयोजनका लागि सञ्चालन गरिने यस्तो मूल्याङ्कनका लागि विद्यार्थीले के सिक्ने हो भन्ने कुरा निर्धारण गर्नुपर्दछ अर्थात् अपेक्षित सिकाइ उपलब्धि तय गर्नुपर्दछ । विद्यार्थीले के सिक्ने भन्ने कुराको निर्धारण गरेपछि विद्यार्थीको सिकाइको वर्तमान अवस्था वा निश्चित सिकाइ क्रियाकलाप पछिको विद्यार्थीको सिकाइ अवस्था वा स्तर के कस्तो छ भनी विभिन्न साधन तथा माध्यम प्रयोग गरी पत्ता लगाउनुपर्छ । यसरी विद्यार्थीको वर्तमान सिकाइ अवस्था पहिचान गरिसकेपछि सिकाइको निर्धारित लक्ष्यमा कसरी पुग्ने भन्ने मार्ग तय गर्नुपर्दछ । यसरी विद्यार्थीको अपेक्षित सिकाइ स्तर तय गर्ने, सिकाइको वर्तमान अवस्था वा स्तर पत्ता लगाउने र कसरी अपेक्षित सिकाइ स्तर प्राप्त गर्ने भनी तय गर्ने कार्यका लागि विद्यार्थीको निर्माणात्मक मूल्याङ्कन गरिन्छ । कक्षा १–३ मा गरिने विद्यार्थी मूल्याङ्कनलाई सिकाइ प्रक्रियाकै अभिन्न अङ्गका रूपमा प्रयोग गर्नुपर्दछ । यस्तो मूल्याङ्कनको मुख्य उद्देश्य विद्यार्थीको सिकाइ उपलब्धि तथा कमजोरीहरूको निरन्तर लेखाजोखा गरी सिकाइ सुधारका लागि पृष्ठपोषण प्रदान गर्नु हो । यस्तो पृष्ठपोषण दुई चरणमा हुन सक्दछ । पहिलो चरणमा शिक्षण सिकाइको क्रममा वा निश्चित विषयवस्तु सिकाइपश्चात् गरिएको मूल्याङ्कनमा अपेक्षित उपलब्धि प्राप्त गर्न नसकेका विद्यार्थीका कठिनाइका क्षेत्र पत्ता लगाई सुधारात्मक सिकाइ क्रियाकलाप सञ्चालन गर्नु र दोस्रो चरणमा पटक पटकका सुधारात्मक सिकाइ क्रियाकलापबाट पनि सिकाइ सुधार हुन नसकेका विद्यार्थीहरूका लागि उपचारात्मक सिकाइ क्रियाकलाप तर्जुमा गरी सिकाइमा सुधार गर्नुपर्दछ । कक्षाकोठामा आधारित निर्माणात्मक मूल्याङ्कनले प्रत्येक विद्यार्थीलाई न्यूनतम सिकाइ स्तर प्राप्त गर्ने सुनिश्चितता गरी माथिल्लो सिकाइ स्तर प्राप्त गर्न सहयोग गर्नुपर्दछ । यसबाट विद्यार्थीहरूको कक्षा दोहोर्‍याउने दरलाई न्यून गरी शैक्षिक क्षति घटाउन सहयोग पुग्नुका साथै न्यूनतम स्तरको सिकाइ सुनिश्चित भई थप सिकाइका लागि अवसर सिर्जना हुने छ ।

### घ. मूल्याङ्कन विधि र प्रक्रिया

कक्षा १-३ मा निश्चित समयावधिमा विद्यार्थीको सिकाइको लेखाजोखा गर्ने नभई निरन्तर, नियमित तथा कक्षा क्रियाकलापको अङ्गका रूपमा प्रयोग गर्नुपर्दछ । कक्षाकोठामा सिकाइ क्रियाकलापको योजना तथा सञ्चालन निर्धारित सिकाइ उपलब्धि तथा तिनको विस्तृतीकरणका आधारमा ती सिकाइ उपलब्धि प्राप्त गर्न सक्ने किसिमले गर्नुपर्दछ । विद्यार्थी मूल्याङ्कनमा पनि

ती सिकाइ उपलब्धि विद्यार्थीले के कति हासिल गर्न सके भन्ने लेखाजोखा गर्न सकिने प्रक्रिया र साधन प्रयोग गर्नुपर्छ । यस्तो मूल्याङ्कन सिकाइ क्रियाकलापकै अभिन्न अङ्गका रूपमा नियमित रूपमा सञ्चालन गरी विद्यार्थीको सिकाइ सुधारका लागि निरन्तर पृष्ठपोषण प्रदान गर्नुपर्दछ ।

कक्षा १-३ का प्रत्येक विद्यार्थीको कार्यसञ्चयिका (Portfolio) व्यवस्थित गरी राख्नुपर्छ । कार्यसञ्चयिका फाइललाई विद्यार्थीको कक्षाकार्य, परियोजना कार्य, उपलब्धि परीक्षा, विद्यार्थीमा आएको व्यावहारिक परिवर्तनको अवलोकन, हाजिरी आदिका माध्यमले अद्यावधिक गर्नुपर्छ । विद्यालयमा पठनपाठन भएका विषयवस्तु र विद्यार्थीको उपलब्धिका बारेमा प्रत्येक महिना वा निश्चित विषयवस्तु वा विषयक्षेत्रको अध्ययन पूरा गरेपछि अभिभावकलाई जानकारी पठाउने व्यवस्था गरी कार्यसञ्चयिकामा त्यसको अभिलेख उल्लेख गर्नुपर्दछ । यस तहमा गृहकार्यलाई अनिवार्य नगरी कक्षाकार्यमै बढी जोड दिने भए पनि आवश्यक भए केही गृहकार्य पनि दिन सकिने छ तर दैनिक र एकै दिनमा विभिन्न विषयक्षेत्रमा गृहकार्य दिनु भने उपयुक्त हुँदैन । विद्यार्थीको मूल्याङ्कनमा यथाशक्य वास्तविक कार्य (Real Task) समावेश गर्नु उपयुक्त हुन्छ ।

कक्षा १-३ मा विद्यार्थी मूल्याङ्कनको प्रक्रिया सामान्यतया निम्नानुसार हुने छः

१. मूल्याङ्कनलाई सिकाइ क्रियाकलापको अभिन्न अङ्गका रूपमा कक्षा क्रियाकलापसँगै एकीकृत गरी सिकाइ सुधारमा निरन्तर प्रयोग गर्नुपर्छ ।

२. सिकाइ उपलब्धि र तिनको विस्तृतीकरण तयार गरी सोहीअनुसार सम्भाव्य मूल्याङ्कन विधि, प्रक्रिया र साधनको तयारी गर्नुपर्छ ।

३. दैनिक कक्षा क्रियाकलापसँगै विद्यार्थीको सिकाइको लेखाजोखा गरी सिकाइमा पछि परेका विद्यार्थीलाई सुधारात्मक सिकाइ प्रक्रियाद्वारा निर्धारित न्यूनतम सिकाइ सुनिश्चित गरी सबै विद्यार्थीलाई थप सिकाइका लागि अवसर प्रदान गर्नुपर्छ ।

४. विद्यार्थीको सिकाइ स्तरको मूल्याङ्कन गर्दा मूलतः विद्यार्थीले विभिन्न सिकाइ क्षेत्रमा अपेक्षित सिकाइ उपलब्धि हासिल गरे वा नगरेको परीक्षण गर्नुपर्छ ।

५. विद्यार्थीको सिकाइको मूल्याङ्कनमा विषयगत सिकाइ क्षेत्रमा अपेक्षित ज्ञान, बुझाइ, प्रयोग तथा आवश्यकतानुसार विश्लेषण, मूल्याङ्कन र सिर्जनालगायतका उच्च क्षमता परीक्षण गर्नका लागि उपयुक्त साधन तथा प्रक्रिया प्रयोग गर्नुपर्छ ।

६. मूल्याङ्कनका क्रममा आवश्यक व्यवहार कुशल सिपको प्राप्तिमा विद्यार्थीले हासिल गरेका सक्षमताको पनि लेखाजोखा गरी आवश्यकतानुसार सिकाइ क्रियाकलापमा सुधार गर्नुपर्छ ।

७. मूल्याङ्कनपश्चात् कुनै विद्यार्थीले अपेक्षित नतिजा प्राप्त गर्न नसकेमा सुधारात्मक शिक्षण

सिकाइको प्रक्रियाअनुरूप विद्यार्थीको सिकाइ सुधार गरी अपेक्षित सिकाइ सुनिश्चित गर्नुपर्छ । पटक पटकको सुधारात्मक शिक्षण सिकाइ प्रक्रियाबाट पनि न्यूनतम सिकाइ उपलब्धि हासिल गर्न नसक्ने विद्यार्थीका लागि उपचारात्मक शिक्षणको प्रबन्ध गर्नुपर्छ ।

८. मूल्याङ्कनको नतिजालाई विषयक्षेत्र तथा सिकाइ उपलब्धिअनुसार अभिलेखीकरण गर्नुपर्छ । विद्यार्थीको व्यक्तिगत फायल खडा गरी मूल्याङ्कनको नतिजाका साथै अन्य सान्दर्भिक विवरणसहितको कार्यसञ्चयिका व्यवस्थित गरेर राख्नुपर्छ ।

९. मूल्याङ्कन नतिजाको अभिलेखलाई विद्यार्थीको सिकाइ अवस्था पहिचान गर्न, भावी सिकाइको योजना निर्माण गर्न र सिकाइ उपलब्धिको प्रगतिको अभिलेखका रूपमा विद्यालय, शिक्षक, विद्यार्थी तथा अभिभावकले आवश्यकतानुसार प्रयोग गर्नुपर्छ ।

१०. विद्यार्थीलाई स्वमूल्याङ्कन तथा प्रतिबिम्बन गर्न र सिकाइ सुधारको आवश्यकता तथा उपाय पहिचान गर्न शिक्षक तथा अभिभावकले प्रेरित गर्नुपर्छ ।

**ङ. मूल्याङ्कनका तरिका र साधनः**

परीक्षण गरिने सिकाइ उपलब्धि तथा विषयवस्तुको स्वरूप, विद्यार्थीको उमेर तथा रुचि, उपलब्ध स्रोत तथा साधन, कक्षामा भएका विद्यार्थी सङ्ख्या,शिक्षकको क्षमता तथा रुचिजस्ता पक्ष विचार गरेर मूल्याङ्कनका तरिका र साधनको छनोट तथा विकास गर्नुपर्छ । मूल्याङ्कनका साधनहरूले सिकाइ उपलब्धिअनुसारको सूचक अर्थात् विद्यार्थीको अपेक्षित क्षमता मापन गर्न सक्नुपर्ने भएकाले साधनहरू वैध हुनुपर्छ । मूल्याङ्कनका साधनहरूको अर्को गुण भनेको फरक फरक स्थान तथा व्यक्तिले परीक्षण गर्दा नतिजामा एकरूपता आउनुपर्दछ अर्थात् साधनहरू विश्वसनीय हुनुपर्छ । यस्तै अर्को महत्त्वपूर्ण गुण विविधताको सम्बोधन गर्न सक्नु हो । यहाँ विविधतालाई मूलतः दुई रूपमा लिन सकिन्छ । पहिलो विद्यार्थीका विविध क्षमता मापन गर्न सक्ने गरी साधनमा विविधता कायम गर्नु हो भने अर्को एकभन्दा बढी साधन प्रयोग गर्नु वा एकभन्दा बढी साधन विकास गरी विद्यार्थीको रुचि तथा प्राथमिकताअनुरूपको साधन छनोट गरी प्रयोग गर्नु पनि हो ।

मूल्याङ्कनका विभिन्न तरिका तथा साधनहरू हुन्छन् । केकस्ता तरिका तथा साधनहरू प्रभावकारी हुन्छन् भन्ने कुरामा विभिन्न पक्षले प्रभाव पारेका हुन्छन् भन्नेकुरा अघिल्लो अनुच्छेदमा उल्लेख गरिएको छ । त्यसैले यस्तै तरिका तथा साधनमात्र प्रयोग गर्नुपर्छ भन्ने कुरा उपयुक्त नहुने भएकाले मूल्याङ्कनका सम्भाव्य तरिका तथा साधनहरू मात्र यहाँ उल्लेख गरिएको छ । यसको थप विस्तृतीकरण विषय क्षेत्रगत रूपमा अनुसूचीमा समावेश गरिएको छ । शिक्षकले आवश्यकतानुसारका तरिका तथा साधन छनोट गरी विद्यार्थीको मूल्याङ्कन गर्नुपर्ने हुन्छ । विद्यार्थी मूल्याङ्कनका लागि प्रयोग गर्न सकिने कार्य तथा साधनहरूबाट प्राप्त सूचनाहरूलाई निश्चित

स्वरूपमा अभिलेखीकरण गरिनुपर्दछ । कक्षाकार्य, उनीहरूको व्यवहारमा आएको परिवर्तन, सिर्जनात्मक कार्य, कक्षा सहभागिता तथा विद्यार्थीका कार्यको प्रदर्शनको परीक्षणको अभिलेखीकरण शिक्षकको अवलोकनको माध्यमबाट गर्न सकिने भएकाले यसका लागि उपयुक्त अवलोकन फाराम तयार गर्नुपर्दछ । यसका लागि विभिन्न प्रकारका रुजु सूची तयार गरी विद्यार्थी परीक्षण तथा मूल्याङ्कन गरिन्छ । विद्यार्थीका कार्य तथा उपलब्धिसहित उनीहरूका विभिन्न विवरण व्यवस्थित तरिकाले राख्ने गरी कार्यसञ्चयिका तयार गरी विद्यार्थीको प्रगति के कति मात्रामा र के कसरी भइरहेको छ, के कस्ता सिकाइ कमीकमजोरी रहेका छन् ती कमीकमजोरीहरू हटाई सिकाइमा सुधार के कसरी गर्ने भन्ने कार्यका लागि यसबाट सहयोग पुग्दछ ।

कक्षा १–३ का विद्यार्थीको मूल्याङ्कनका लागि प्रयोग गर्न सकिने तरिका तथा साधनहरू निम्नअनुसार हुन सक्दछन् :

**आधारभूत तह (कक्षा १–३)**

विद्यार्थीको मूल्याङ्कनका सम्भाव्य तरिका तथा साधनहरू:

| क्र.सं. | मूल्याङ्कन विधि | साधन |
|---|---|---|
| १ | अवलोकन | कक्षा सहभागिता, रुजुसूची, रुब्रिक्स र श्रेणी मापन, मौखिक प्रश्न फाराम, घटना वर्णन |
| २ | मौखिक कार्य | प्रश्न, चित्र, पठन सामग्री, सन्दर्भ, घटना, श्रव्य तथा दृश्य सामग्री |
| ३ | लिखित कार्य | प्रश्न, छोटा परीक्षा, घटना, सन्दर्भ, पठन सामग्री, श्रव्य तथा दृष्यसामग्री |
| ४ | परियोजना तथा प्रयोगात्मक कार्य | रुजुसूची, रुब्रिक्स र श्रेणी मापन, मौखिक प्रश्न |
| ५ | कार्य सम्पादन तथा प्रदर्शन | अवलोकन, रुजुसूची, रुब्रिक्स वा श्रेणी मापन, मौखिक प्रश्न |
| ६ | सहपाठी मूल्याङ्कन | अवलोकन, रुजुसूची, श्रेणी मापन, फाराम |
| ७ | स्वमूल्याङ्कन | रुजुसूची, श्रेणी मापन, फाराम |
| ८ | अभिभावकको प्रतिक्रिया | रुजुसूची, श्रेणी मापन, फाराम |
| ९ | कुराकानी, छलफल | अवलोकन, रुजुसूची, श्रेणी मापन, फाराम |

उल्लिखित मूल्याङ्कन तरिका तथा साधनमध्ये उपयुक्त तरिका तथा साधन प्रयोग गरी प्रत्येक सिकाइ उपलब्धिमा विद्यार्थीको उपलब्धि परीक्षण गरेर उपलब्धि स्तरलाई निम्नअनुसार रेटिङ गर्नुपर्दछ ।

## च. विद्यार्थीको उपलब्धि स्तर र त्यसको सामान्य व्याख्या:

| क्र.सं. | उपलब्धि स्तर | उपलब्धि स्तरको व्याख्या | मापन |
|---|---|---|---|
| १ | कमजोर | मुख्य सिकाइ उपलब्धि हासिल गर्न नसकेको, सबैजसो सिकाइ उपलिब्धका लागि सुधारात्मक सिकाइ आवश्यक भएको | १ |
| २ | सामान्य | मुख्य सिकाइ उपलब्धि आंशिक रूपमा हासिल गरेको तर सुधारात्मक सिकाइ आवश्यक भएको | २ |
| ३ | राम्रो | मुख्य सिकाइ उपलब्धि धेरैजसो हासिल गरेको र सुधारात्मक सिकाइ आवश्यक भएको | ३ |
| ४ | उच्च | मुख्य सिकाइ उपलब्धि हासिल भई माथिल्लो स्तरको उपलब्धि समेत हासिल गरेको | ४ |

पहिलो चरणमा दैनिक कक्षा क्रियाकलापका रूपमा विद्यार्थीको सिकाइको मूल्याङ्कन गरी विद्यार्थीको सिकाइ सुधार गर्नुपर्दछ । मूल्याङ्कनको दोस्रो चरणमा कुनै सिकाइ उपलब्धि हासिल भयो वा भएन भनी उल्लिखित तरिका तथा साधनमध्ये उपयुक्त साधनहरू प्रयोग गरी विद्यार्थीको मूल्याङ्कन गरी सिकाइ स्तर अभिलेखीकरण गर्नुपर्दछ । यसरी अभिलेखीकरण गरिएको सिकाइ स्तर १ वा २ मात्र भएमा सुधारात्मक सिकाइको योजना निर्माण गरी कम्तीमा उपलब्धि स्तर ३ पुऱ्याउने प्रयास गर्नुपर्दछ । यदि पटक पटकको प्रयासबाट पनि कुनै विद्यार्थीको उपलब्धि स्तरमा सुधार हुन नसकेमा यसको कारण खोजी गरी उपचारात्मक सिकाइको योजना बनाउनुपर्दछ भने अन्यलाई अग्रिम सिकाइमा सरिक गराउनुपर्दछ । सुधारात्मक सिकाइपछि पुनः विद्यार्थीको मूल्याङ्कन गरी उपलब्धि स्तर निर्धारण गरेर पुनःअभिलेखीकरण गर्नुपर्छ । निश्चित सिकाइ क्षेत्रका सिकाइ उपलब्धिहरूको सिकाइ परीक्षणपश्चात् सो सिकाइ क्षेत्रको औसत सिकाइ उपलब्धिसमेत गणना गरी विद्यार्थी र अभिभावकसँग छलफल गरी विद्यार्थीका सबलता र सुधारका क्षेत्र र उपाय पहिचान गर्नुपर्छ । यही क्रममा सबै विषयक्षेत्रको सिकाइपश्चात् सबै सिकाइ उपलब्धिको परीक्षण गरी सिकाइ प्रत्येक सिकाइ उपलब्धिमा विद्यार्थीको सिकाइ स्तरसहित विषयक्षेत्रगत औसत सिकाइ उपलब्धि निकाल्न सकिन्छ । त्यसै गरी मुख्य व्यवहार कुशल सिपमा विद्यार्थीको उपलब्धि स्तर पनि अभिलेखीकरण गर्न सकिन्छ । यसरी तयार गरिएको अभिलेख नै विद्यार्थीको वार्षिक उपलब्धिको प्रतिवेदन हुने छ । विद्यार्थीको सिकाइ उपलब्धिको यस्तो अभिलेख तथा प्रतिवेदनको प्रयोग शिक्षक, विद्यार्थी, अभिभावक तथा विद्यालयले विद्यार्थीको सिकाइ स्तरको सुनिश्चितता गर्न, सिकाइ सुधारका लागि पृष्ठपोषण प्रदान गर्न र भावी सिकाइका योजनाका लागि गरिन्छ । विद्यार्थी मूल्याङ्कनका लागि नमुना साधन, साधन प्रयोग गर्ने तरिका तथा मूल्याङ्कनको अभिलेख व्यवस्थापन सम्बन्धी थप विवरण अनुसूचीमा समावेश गरिएको छ ।

**छ. अपाङ्गता भएका विद्यार्थीका लागि मूल्याङ्कनका तरिका तथा साधनको प्रयोग:**

विभिन्न किसिमका अपाङ्गता भएका विद्यार्थीका लागि उल्लिखित मूल्याङ्कनका तरिका तथा साधनहरूमध्ये कतिपय उपयोगी नहुन पनि सक्दछन् भने कतिपय तरिका तथा साधनहरूको प्रयोगमा भिन्नता ल्याउनुपर्ने हुन सक्दछ । शिक्षकले आफ्नो कक्षाकोठामा भएका विद्यार्थीको अपाङ्गताको किसिम तथा स्वरूपअनुरूप प्रयोग गर्न सकिने मूल्याङ्कनका वैकल्पिक तरिका तथा साधनहरूको तयारी गरी उपयुक्त तरिका तथा साधन प्रयोग गर्नुपर्छ । मूल्याङ्कनका कुनै साधन उपयुक्त नभएको आधारमा कुनै पनि विद्यार्थीलाई सिकाइको मूल्याङ्कन र पृष्ठपोषण प्राप्त गर्ने अवसरबाट वञ्चित गराउनु हुँदैन र शिक्षकले वैकल्पिक तरिकाहरूको खोजी तथा तयारी गर्नुपर्दछ । विभिन्न किसिमका अपाङ्गता भएका विद्यार्थीका लागि उपयोगी मूल्याङ्कनका वैकल्पिक तरिका तथा साधनहरूको विविधता र परिस्थितिलाई विचार गर्दा सबै तरिका तथा साधनहरू उल्लेख गर्न सम्भव देखिँदैन र यसो गर्नु उपयुक्त पनि हुँदैन । त्यसैले यहाँ वैकल्पिक तरिका तथा साधनका केही उदाहरणमात्र प्रस्तुत गरिएको छ :

१. दृष्टि क्षमता कमजोर भएका विद्यार्थीका लागि पढ्नुपर्ने कार्य वा प्रश्न ठुलो आकारको अक्षरमा छाप्ने, अतिरिक्त प्रकाश भएको स्थानमा कार्य गर्ने वा परीक्षा दिने व्यवस्था गर्ने, परिस्थितिअनुरूप आवश्यक देखिए अतिरिक्त समय दिने इत्यादि ।

२. दृष्टिविहीनमध्ये ब्रेललिपि पढ्न र लेख्न सक्नेहरूका लागि सोहीअनुसार व्यवस्था गरी आवश्यकतानुसार अतिरिक्त समय दिनुपर्छ तर ब्रेललिपि प्रयोग नगर्नेका लागि सहयोगी व्यवस्था गर्ने वा मौखिक वा अन्य कुनै वैकल्पिक तरिका तथा साधन प्रयोग गर्नुपर्छ । जस्तैः विकल्पका रूपमा प्रश्न वा कार्यको निर्देशनको रेकर्ड दिएर उत्तर वा कार्यको विवरण रेकर्ड गर्न लगाउने । यस्ता विद्यार्थीहरूका लागि चित्र बनाउने तथा प्रयोगात्मक कार्यका विकल्प तयार गर्नुपर्छ ।

३. दृष्टि क्षमता कमजोर भएका र दृष्टिविहीनका लागि लिखित कार्यको विकल्प कम्प्युटर प्रविधि तथा सफ्टवेयर उपलब्ध भएमा र प्रयोग गर्न सक्ने भएमा त्यसको उपयोग गर्न सकिन्छ ।

४. कमजोर सुनाइ क्षमता भएकाहरूका लागि मौखिक प्रश्न तथा निर्देशनमा विशेष ध्यान दिई आवश्यक भए वैकल्पिक तरिका प्रयोग गर्नुपर्छ । यस्ता विद्यार्थीका लागि विकास गरिएका कम्प्युटर प्रविधि तथा सफ्टवेयर उपलब्ध भएमा र प्रयोग गर्न सकेमा त्यसको उपयोग गर्न सकिन्छ ।

५. शारीरिक रूपमा कमजोर तथा अपाङ्गता भएकाहरूका लागि अपाङ्गताको स्वरूपअनुरूपको वैकल्पिक प्रबन्ध गर्नुपर्छ ।

६. बौद्धिक अपाङ्गता भएका लागि आवश्यकतानुसार वैकल्पिक तरिका तथा साधनहरूको पहिचान, तयारी तथा प्रयोग गर्नुपर्छ ।